NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

# नेपालमा संविधानसभा निर्वाचनपछि राजनीतिक खुलापनमा सुधार आएको भए पनि चुनौतीहरू यथावत छन्, स्थायित्वप्रति अझै पनि आशंका छ ।

**अगस्ट ४, २०११**

**तत्काल प्रकाशनका लागि**

**एटलान्टामाः डेबोरा ह्याक्स, +१ ४०४–४२०–५१२४**
**काठमाडौंमाः स्यारा लेभिटसोर, +९७७ ९८५११–००७१२**

**काठमाडौं** ..... । आज प्रकाशित एक प्रतिवेदनका अनुसार कार्टर सेन्टरले सन् २००८ मा भएको संविधानसभा निर्वाचनको अवधिपछि राजनीतिक खुलापनमा सुधार आएकोमा व्यापक मतैक्यता पाएको छ । स्थानीय तहमा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) कार्यकर्ताहरूको आचरणमा आएको सुधार तथा तराईका केही भागमा सशस्त्र समूहको गतिविधिमा आएको कमीलाई यस परिवर्तनको मुख्य कारणका रूपमा पटक पटक व्यक्त गरिएको छ ।

तथापि देशका केही क्षेत्रहरूमा एनेकपा(माओवादी) का गतिविधि तथा तराईका केही भागमा सशस्त्र समूहहरूको उपस्थितिको गम्भीर चिन्ता यथावत छ र राजनीतिक खुलापनको स्थितिमा हालसम्म आएको सुधार भावी राष्ट्रिय निर्वाचनको समयमा पनि विद्यमान रहन्छ वा रहँदैन भन्ने स्पष्ट छैन ।

यसका अतिरिक्त, अन्तर्वार्ता गरिएका लगभग सबैले राजनीतिक खुलापनमा सुधार आएको बताए तापनि यतिबेला राजनीतिक दलहरूले तुलनात्मक रूपमा थोरै सार्वजनिक गतिविधि गरिरहेको हुनाले धेरै क्षेत्रको राजनीतिक खुलापनको पूर्ण परीक्षण हुन नपाएको कार्टर सेन्टरका पर्यवेक्षकहरूले पाएका छन् । धेरै दलका कार्यकर्ताहरूले केन्द्रीय तहका नेताहरूबाट निर्देशन, मार्गदर्शन तथा सहयोग नपाएको गुनासो गरेका छन् ।

"माओवादी कार्यकर्ताहरूको 'द्वन्द्वकालीन मानसिकता' घट्दै गएको तथा गैरमाओवादी दलहरूका लागि एनेकपा(माओवादी) को दह्रो पकड भएका लगायतका ग्रामीण क्षेत्रहरूमा कार्यक्रम आयोजना गर्ने स्वतन्त्रतामा वृद्धि भैरहेको विभिन्न जिल्लाका माओवादीइतर दलका सदस्यहरूले कार्टर सेन्टरका पर्यवेक्षकहरूसमक्ष भनेका थिए", कार्टर सेन्टरका प्रजातन्त्र कार्यक्रम सहनिर्देशक डा. डेविड पोट्टीले भन्नुभयो, "तथापि केही क्षेत्रमा माओवादी हिंसा तथा धम्कीका गम्भीर घटनाहरूका साथै द्वन्द्वको 'मनोवैज्ञानिक त्रास' को निरन्तरता यथावत छ ।"

मूलतः खुलापनको नियन्त्रण गर्ने सामर्थ्य तथा उद्देश्य कुनै पनि दल वा समूहको नभएको कारण तराईको अधिकांश क्षेत्रमा राजनीतिक स्थान सामान्यतः खुला रहेको पाइयो । तथापि सशस्त्र समूहको हिंसाले केही क्षेत्रमा असर पारेको छ र उक्त हिंसामा एनेकपा(माओवादी) कार्यकर्ता अन्धाधुन्द रूपमा लक्षित भएका छन् । ती आक्रमणहरू कुन मात्रामा व्यक्तिगत वा अन्य तत्वका कारण र कुन मात्रामा राजनीतिक उद्देश्यका साथ भएका हुन् भन्ने निर्क्योल गर्न सजिलो छैन ।

प्रतिवेदनका लागि वार्ता गरिएका नेपालीहरूले राजनीतिक खुलापनमा भएको वर्तमान सुधार भावी निर्वाचनहरूमा पनि रहिरहन्छ भन्नेमा मिश्रित धारणा व्यक्त गरे । धेरै व्यक्तिहरू आशावादी भए तापनि आगामी निर्वाचनहरू विश्वसनीय तथा साँच्चै नै लोकतान्त्रिक हुने सुनिश्चित गर्न माओवादी लडाकुहरूको समायोजन तथा पुनर्स्थापना भैसक्नुपर्ने उनीहरू बताउँछन् । अन्यले नेपालमा राजनीतिक अवरोध संस्कृति नै भएको बताउँदै आगामी निर्वाचनहरू सन् २००८ को संविधानसभाको निर्वाचनभन्दा राम्रो हुनेमा आशंका व्यक्त गरे । राजनीतिक हस्तक्षेप, व्याप्त दण्डहीनता तथा प्रहरी संसाधनको अभावका कारण प्रहरी तथा प्रशासन अधिकारीहरू राजनीतिक खुलापनको प्रत्याभूति गराउन असक्षम भएको पनि धेरै व्यक्तिहरूले उल्लेख गरे ।

प्रतिवेदन कार्टर सेन्टरका पर्यवेक्षकहरूले सन् २०११ को फेब्रुअरीदेखि जुन महिनासम्म २५ जिल्लाबाट संकलन गरेका विस्तृत तथ्यहरूमा आधारित छ । स्थानीय तहमा शान्ति तथा संविधान निर्माण प्रक्रियाको पर्यवेक्षण गर्न सन् २००९ को जुन महिनादेखि

पर्यवेक्षकका समूहहरू नियमित खटिएका छन् । पर्यवेक्षकहरूले जिल्ला सदरमुकाम तथा गाउँ विकास समितितहका राजनीतिक दलका सदस्य, नागरिक समाजका प्रतिनिधि, प्रहरी तथा सरकारी अधिकारीहरूका साथै नागरिकहरूसँग वार्ता गरेका थिए ।

**मुख्य सुझावहरूको सारांश**

- माओवादी लडाकुहरूको समायोजन र पुनःस्थापनको काम पूरा गर्नको लागि एनेकपा (माओवादी), नेपाल सरकार र शान्ति प्रक्रियामा सम्बद्ध दलहरूले आवश्यक सबै कदमहरू चाल्नुपर्छ र शान्ति प्रक्रियाका पूरा गर्न बाँकी प्रतिबद्धताहरूको पूर्ण पालना हुनु पर्छ,
- हाल प्राप्त राजनीतिक खुलापनको उपयोग गर्न हरेक दलले आफ्ना प्रयासहरू बढाउनुका साथै स्थानीय सदस्यहरूसँगको सम्पर्क र उनीहरूलाई सहयोग बृद्धि गर्नुपर्छ,
- एनेकपा(माओवादी) ले राजनीतिक खुलापनप्रतिको आफ्नो प्रतिबद्धतालाई बोली र व्यवहार दुवैमा पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्छ ।
- नेपाल सरकारले राजनीतिक खुलापनको समस्या भएका क्षेत्रहरूमा लक्षित गरी प्रहरीको उपस्थिति र जिल्लातहका अधिकारीहरूको ध्यान वृद्धि गर्नुपर्छ, र
- सबै दलले प्रहरी अनुसन्धान र कानुनी शासन लागू गर्ने काममा हस्तक्षेप बन्द गर्नुपर्छ ।

सन् २००३ देखि नेपालको शान्तिलाई सहयोग गर्ने कार्यमा क्रियाशील कार्टर सेन्टरले सन् २००८ को संविधानसभा निर्वाचनको पर्यवेक्षण गर्न एक अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण नियोग खटायो । स्थानीय तहमा केन्द्रित रही संविधान लेखन प्रयास, शान्ति प्रक्रिया तथा मतदाता दर्ता प्रक्रियाको पर्यवेक्षण गर्नका लागि सेन्टर नेपालमै रहेको छ । कार्टर सेन्टरका सबै ताजा प्रतिवेदनहरू पढ्नका लागि http://cartercenter.org/countries/nepal-peace.html मा हेर्नुहोस् ।

####

*कार्टर सेन्टर सन् १९८२ मा पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रवर्द्धन गर्न स्थापित भएको हो । लाभरहित उद्देश्यको एक गैरसरकारी संगठन, द कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रवर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकासशील राष्ट्रका किसानहरूलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उकास्न सहयोग गरेको छ ।*

# नेपालमा राजनीतिक खुलापनः
# हालैका परिवर्तन तथा आगामी चुनौतीहरूको लेखाजोखा

## विषयसूचि


| | | |
|---|---|---|
| अ. | परिचय | १ |
| आ. | कार्यपद्धति | २ |
| इ. | मुख्य तथ्यहरूको सारांश | ३ |
| ई. | राजनीतिक परिप्रेक्ष्य र सान्दर्भिक सहमतिहरू | ४ |
| उ. | नेपालको वर्तमान राजनीतिक खुलापनसम्बन्धी विस्तृत तथ्यहरू | ६ |
| ऊ. | आगामी निर्वाचनहरूका लागि स्थानीय तहका अपेक्षा | १६ |
| ए. | निष्कर्ष तथा सुझावहरू | १७ |

## अ. परिचय

राजनीतिक दलहरूको आफ्ना गतिविधि आयोजना तथा सञ्चालन गर्ने स्वतन्त्रता तथा कुनै पनि भय र हिंसाको त्रासरहित वातावरणमा आफूलाई मन पर्ने राजनीतिक दललाई समर्थन गर्ने नागरिकहरूको स्वतन्त्रता लोकतन्त्रका मूलभूत सिद्धान्त हुन् ।[१] तथापि यी सिद्धान्तहरू नेपालको पछिल्लो इतिहासका धेरै कालखण्डमा व्यापक विवादित भएका छन् । पञ्चायती शासनका तीस वर्ष राजनीतिक दलहरू प्रतिबन्धित थिए र आवश्यकताले गर्दा उनीहरूका सबै क्रियाकलाप भूमिगत हुन वाञ्छनीय थिए । सन् १९९० को जनआन्दोलनपश्चात् बहुदलीय प्रजातन्त्रको पुनर्बहाली भयो र राजनीतिक दलहरूलाई खुलारूपले सञ्चालित हुन दिइयो । तथापि, माओवादी द्वन्द्वको प्रारम्भसँगै यो खुलापन विशेषतः शहरी केन्द्रहरूभन्दा बाहिर पुनः अत्यन्तै खुम्चिन पुग्यो । एकातिर गैरमाओवादी दलका नेता तथा सदस्यहरू अक्सर विस्थापित गरिए, माओवादीमा प्रवेश गर्न बाध्य बनाइए वा मारिए अर्कोतिर माओवादी तथा तिनका समर्थक भनी शंका गरिएकाहरू राज्य र प्रहरीको स्वेच्छाचारी नजरबन्द, हैरानी, बेपत्ता तथा गैरन्यायिक हत्याजस्ता हिंसाको शिकार भए । पूर्व राजा ज्ञानेन्द्रले सन् २००५ को फेब्रुअरीमा सत्ता हत्याएलगत्तै काठमाडौंमा रहेका धेरै राजनितिक नेता, कार्यकर्ता तथा नागरिक समाजका अगुवाहरू पक्राउ परे र आधारभूत प्रजातान्त्रिक स्वतन्त्रतामाथि थप कटौती भयो ।

यस्तो ऐतिहासिक पृष्ठभूमिमा द्वन्द्वको समाप्तिपछि नेपालका सम्पूर्ण दल र यहाँका नागरिकहरूका लागि राजनीतिक खुलापन कुन हदसम्म सुधार भएको छ भन्ने विषय नै नेपालको शान्ति प्रक्रियामा सर्वाधिक नजिकबाट हेरिएको र विवादित विषयमध्ये एउटा विषय हो । नोभेम्बर २००५ मा हस्ताक्षरित १२ बुँदे सम्झौताको प्रस्थानबिन्दुबाट माओवादीहरू हरेक दलका नेता, कार्यकर्ता तथा समर्थकहरूलाई उनीहरू पहिले विस्थापित भएको क्षेत्रमै फर्कन र राजनीतिक गतिविधि सञ्चालन गर्न दिन प्रतिबद्ध भए । त्यस उपरान्तका शान्ति प्रक्रियाका विभिन्न सम्झौताहरूमा पनि त्यस्तै खाले प्रतिबद्धताहरू समाविष्ट थिए । एक किसिमले माओवादी र तत्कालीन सातदलीय गठबन्धनबीचको त्यो लेनदेनको एउटा पक्ष माओवादीले अन्य दललाई स्थानीय तहमा राजनीतिक स्थानमा पहुँच दिलाउने र त्यसको बदलामा सात दलको गठबन्धनले माओवादीलाई राष्ट्रिय तहको राजनीतिमा खुला स्थान दिने भन्ने थियो ।[२]

स्थानीय तहमा राजनीतिक खुलापनको सुधार राष्ट्रिय तहमा हाल जारी मुख्य बहसहरूमध्ये- माओवादीहरू लोकतान्त्रिक मूल्य र मान्यतालाई स्वीकार तथा कार्यान्वयन गर्ने दलको रूपमा कति मात्रामा "रूपान्तरित" भएका छन् वा छैनन् भन्ने बिषयसँग घनिष्ट रूपमा गाँसिएको छ । माओवादी कार्यकर्ताहरू रूपान्तरित हुन असफल भएको, अन्य दलहरूको स्थानीय तहमा कार्यसञ्चालन गर्न पाउने स्वतन्त्रतालाई सम्मान गर्न इन्कार गरेको, सम्पत्ति फिर्ता तथा अन्य विषयका शान्ति सम्झौताका मुख्य प्रतिबद्धताको पूर्ण पालनाको अभाव[३] र सबैभन्दा महत्वपूर्ण रूपमा माओवादी लडाकुहरूको शिविरमा बसाइको निरन्तरताप्रति नेपाली कांग्रेस, एमाले तथा अन्य दलका वरिष्ठ नेताहरू चासो व्यक्त गरिरहन्छन् ।[४] माओवादीहरू भने आफू रूपान्तरित भएको र लोकतान्त्रिक राजनीतिमा पूर्ण प्रतिबद्ध रहेको तर्क गर्छन् ।[५]

यो बहस तथा यसको भावी संकेतको पृष्ठभूमिमा यस प्रतिवेदनले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको लगभग पाँच वर्ष र संविधानसभा निर्वाचन सम्पन्न भएको तीन वर्ष व्यतित भएको अवस्थामा नेपालको स्थानीय तहमा राजनीतिक खुलापनको विद्यमान स्थिति जाँच गर्ने प्रयत्न गरेको छ । यो प्रतिवेदन संविधानसभा निर्वाचनका क्रममा माओवादी व्यवहार तथा तराईका सशस्त्र समूहहरूका गतिविधिबारे उठाइएका सर्वाधिक महत्वका राजनीतिक खुलापनसम्बन्धी चासोहरू तथा निम्न प्रश्नहरूलाई सम्बोधन गर्ने प्रयासमा केन्द्रित छः

- के वर्तमान अवस्थामा नेपाली राजनीतिक दलहरू संगठित हुन र देशभरि गतिविधि सञ्चालन गर्न स्वतन्त्र छन् ? यदि छैनन् भने राजनीतिक खुलापनलाई कसरी, को द्वारा र कहाँ सीमित पारिएको छ ?

---

[१] उदाहरणका लागि द युनिभर्सल डिक्लेरेशन अफ ह्युमन राइट्स आर्टिकल्स १३(१), १९, २० र २१(ए) हेर्नुहोस् जसले शान्तिपूर्ण जमघट तथा संस्थाको स्वतन्त्रता, धारणा तथा अभिव्यक्तिको स्वतन्त्रता, सरकारमा प्रत्यक्ष वा अप्रत्यक्ष सहभागी हुने स्वतन्त्रता तथा आवतजावत र बसोबासको स्वतन्त्रताबारे बताउँछन्, http://www.un.org/en/documents/udhr/ मा उपलब्ध । इन्टरनेशनल कभनेन्ट अन सिभिल एण्ड पोलिटिकल राइट्स पनि हेर्नुहोस्, http://www2.ohchr.org/english/law/ccpr.htm मा उपलब्ध ।

[२] प्रशान्त झासँग कार्टर सेन्टरले सन् २०११ मा गरेको अन्तर्वार्ता । सात दलको गठबन्धन तत्कालीन राजा ज्ञानेन्द्रले फेब्रुअरी २००५ मा सत्ता हत्याए पश्चात् संयुक्त रूपमा मोर्चाबद्ध भएका मुख्य सात राजनीतिक दलहरू (नेपाली कांग्रेस, नेपाली कांग्रेस-प्रजातान्त्रिक, नेकपा-एमाले, नेपाल सद्भावना पार्टी-आनन्दीदेवी, जनमोर्चा, संयुक्त वाम मोर्चा र नेपाल मजदुर किसान पार्टी) को गठबन्धन थियो र उक्त गठबन्धनले सन् २००६ मा भएको दोस्रो जनआन्दोलनको नेतृत्व गर्न सघाएको थियो । त्यसपछि, उक्त गठबन्धनले अन्तरिम सरकार गठन गऱ्यो र माओवादीहरूसँग शान्तिवार्ताको थालनी गऱ्यो ।

[३] उदाहरणका लागि कार्टर सेन्टरको "नेपालको शान्ति प्रक्रियामा भूमिसम्बन्धी प्रतिबद्धताहरूः अहिलेसम्म के हासिल भएको छ?", जुन २२, २०१० र कार्टर सेन्टर, "नेपालमा राजनीतिक दलका युवा समूहहरू", फेब्रुअरी २८, २०११ हेर्नुहोस् ।

[४] उदाहरणको लागि हेर्नुहोस्, सन् २०११ को अप्रिलमा नेपाली कांग्रेसका सभापति शुशील कोइरालाले आरोप लगाए कि, "माओवादीका नेताहरू लोकतन्त्रको कुरा गर्छन् तर काम ठीक विपरित । उनीहरू ढोंगी हुन् ।" "Statute hinges on Maoists, says Sushil," *The Himalayan Times*, अप्रिल २४, २०११ । डिसेम्बर २०१० मा नेकपा-एमाले नेता के.पी. ओलीले माओवादीहरूलाई "हिंसाको राजनीति त्याग्न, आफूलाई हतियारबाट अलग गर्न र जिम्मेवार नागरिक राजनीतिक दलमा रुपान्तरित हुन" आह्वान गरे । कृपया "K.P. Oli calls on Maoists to transform into civilian party" *The Himalayan Times*, डिसेम्बर ११, २०११ ।

[५] उदाहरणका लागि माओवादीको लोकतान्त्रिक दलमा रुपान्तरणसम्बन्धमा रोल्पामा आयोजित एक कार्यक्रममा वर्षमान पुन "अनन्त" को प्रतिकृया हेर्नुहोस् । "Maoists have become a democratic party: Pun," *The Kathmandu Post,* मे १, २०११ ।

- नेपाली राजनीतिक दलहरूले प्राप्त राजनीतिक खुलापनको कुन हदसम्म उपयोग गरिरहेका छन् ?
- सन् २००८ को संविधानसभाको निर्वाचनपछि राजनीतिक खुलापनमा कस्तो परिवर्तन आएको छ ?
- भविष्यका लागि र विशेषगरी आगामी राष्ट्रिय निर्वाचनका लागि नागरिक, राजनीतिक दलका सदस्य, सरकारी अधिकारी, नागरिक समाज तथा अन्य समूहहरूले कस्तो अपेक्षा राखेका छन् ?

कार्टर सेन्टर राष्ट्र, जिल्ला, गाविस तथा वडा तहबाट सेन्टरका पर्यवेक्षकहरूसमक्ष आफ्ना अनुभवहरू बाँड्ने सम्पूर्ण राजनीतिक दलका सदस्यहरूका साथसाथै आफ्नो समय र श्रम उदारतापूर्वक खर्चेर यो प्रतिवेदनमा सहयोग पुऱ्याउने नेपाली अधिकारीहरू, नागरिक समाज सदस्य, पत्रकार तथा नागरिकहरूप्रति गहिरो आभार प्रकट गर्दछ । यस प्रतिवेदनमा असहज प्रश्नहरू र तिनका जटिल उत्तरहरू भएका हुनाले यसले हाल नेपालमा जारी छलफल, बहस तथा राजनीतिक खुलापनका विषयमा रहेका विभिन्न धारणाहरूका लागि उपयोगी योगदान गर्न सक्ने अपेक्षा गरिएको छ ।

<u>यो प्रतिवेदन पढ्ने विषयमा टिप्पणी:</u> यस प्रतिवेदनको प्रयोजनका लागि, कार्टर सेन्टरले "राजनीतिक खुलापन/राजनीतिक स्थान/राजनीतिक स्वतन्त्रता"लाई नेपालका सबै राजनीतिक दलहरू राज्य वा अन्य दलहरूबाट हैरानी, डर धम्की तथा हिंसामुक्त भई स्वतन्त्र रूपमा संगठित हुन र गतिविधि सञ्चालन गर्न सक्ने सामर्थ्यको अर्थमा व्याख्या गरेको छ । यसमा नेपाली नागरिकहरूले हिंसाको त्रास वा आशंकामुक्त भई आफूले समर्थन गरेको राजनीतिक दलको छनौट गर्ने, आफ्नो राजनीतिक संलग्नताबारे खुला रूपमा बोल्ने र आफ्नो इच्छाअनुसार राजनितिक संलग्नता परिवर्तन गर्ने सामर्थ्य पनि समावेश छ ।[६] खासगरी राजनीतिक गतिविधि न्यून भएको हालको जस्तो समयमा राजनीतिक खुलापनमाथिको बन्देज मापन र पुष्टि गर्न असहज हुने कुरा ख्याल राख्नु महत्वपूर्ण हुन्छ । कुनै क्षेत्रमा एउटा दलले अर्को दलको गतिविधिविरुद्ध भौतिक रूपमा अवरोध गरेका केही उदाहरणहरू स्पष्ट भए पनि धेरै उदाहरणहरू स्पष्ट छैनन् । उदाहरणका लागि द्वन्दकालदेखिको "मनोवैज्ञानिक त्रास" जस्ता अमूर्त कारकहरूले राजनीतिक खुलापन छ वा छैन भन्नेबारे कसैको व्यक्तिगत धारणा र राजनीतिक कार्यमा संलग्न हुने अभिलाषामा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । ती धारणाहरू महत्वपूर्ण भए पनि तिनको अभिलेखन र पुष्टि असहज छ । कार्टर सेन्टरले पुष्टि गर्न योग्य घटनाहरूमा भन्दा नितान्त अवधारणामा आधारित कथनहरुलाई हरसम्भव प्रष्ट पार्ने प्रयत्न गरेको छ ।

यसअतिरिक्त, यो प्रतिवेदनले सन् २००८ को संविधानसभा निर्वाचनको अवधिलाई सान्दर्भिक तुलनाबिन्दुको रूपमा लिएको भए पनि त्यतिबेला र अहिलेको समयबीच महत्वपूर्ण भिन्नताहरू रहेको पनि बुझ्नु जरुरी छ । सबैभन्दा महत्वपूर्ण कुरा के छ भने, निकट भविष्यमा निर्वाचन हुने कुनै छाँटकाँट नदेखिएकोले यतिबेला राजनीतिक प्रतिस्पर्धाको स्तर न्यून छ र राजनीतिक दल वा अन्य समूहहरूलाई आफ्ना प्रतिद्वन्दीहरूको राजनीतिक खुलापन सीमित तुल्याउन प्रेरित गर्ने तत्वहरू पनि स्वात्तै घटेका छन् । तसर्थ यस प्रतिवेदनमा रहेका केही तथ्यहरू कुनै आधारभूत वा संरचनागत परिवर्तनको कारणले आएका भन्दा पनि राजनीतिक सरोकार न्यून देखिएको अहिलेको वातावरणका आंशिक उपज हुन सक्छन् । दशक लामो सशस्त्र द्वन्द्व, सन् २००५-०६ को तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन र सन् २००७-०८ सम्मको विस्तारित निर्वाचन अवधि आदिले राजनीतिक खुलापनमा आएका परिवर्तनहरूलाई सजिलै मापन गर्न सकिने केही तुलनीय आधाररेखा प्रदान गरेका छन्, वर्तमान समयमा भने यससम्बन्धी कुनै स्पष्ट नजीर छैन । यस्तो अवस्थामा संविधानसभाको निर्वाचन अवधिले स्पष्ट रूपमा अपर्याप्त नै भए पनि सर्वाधिक सान्दर्भिक तुलनाबिन्दु प्रदान गर्दछ । समग्रमा, वर्तमान समयावधिमा राजनीतिक खुलापनबारे बुझ्न र त्यसको लेखाजोखा गर्न प्रयत्न गर्नु विस्तृत शान्ति सम्झौता र तत्पश्चात् गरिएका सहमतिहरूको कार्यान्वयनको स्तर निर्धारण गर्न तथा भविष्यमा फेरिँदै जाने राजनीतिक खुलापनको मापन गर्नको निम्ति निष्पक्ष आधार-रेखा तयार गर्नका लागि महत्वपूर्ण हुने कार्टर सेन्टर विश्वास गर्दछ ।

## आ. कार्यपद्धति

कार्टर सेन्टरले जुन २००९ देखि देशभरि खटिएका राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू सम्मिलित साना टोलीहरूमार्फत् नेपालको शान्ति तथा संविधान लेखन प्रक्रियाको पर्यवेक्षण गरिरहेको छ । यस प्रतिवेदनमा समावेश गरिएका तथ्यहरू सेन्टरका पर्यवेक्षकहरूले उल्लेखित अवधिमा संकलन गरेको तथ्यांकमा आधारित छन् । यसअलावा, सेन्टरले सन् २०११ को फेब्रुअरीदेखि जुन महिनासम्म राजनीतिक खुलापनका सम्बन्धमा विस्तृत जानकारी संकलन गर्न देशका २५ जिल्लामा पर्यवेक्षकहरू खटायो ।[७] नमूनाका रूपमा सन् २००८ को संविधानसभाको निर्वाचन अवधिमा राजनीतिक खुलापनमा उल्लेख्य अवरोध देखिएका मध्य र सुदूर पश्चिम क्षेत्रका हिमाली तथा पहाडी

[६] सेन्टरका पर्यवेक्षकहरूलाई सबै दलहरूले आफ्ना गतिविधि स्वतन्त्रतापूर्वक सञ्चालन गर्न पाएको र राजनीतिक खुलापनमा नियन्त्रणका आरोपहरू न्यून मात्र रहेको वा नरहेको बताइएका क्षेत्रहरूलाई पर्यवेक्षकहरूले "स्वतन्त्र" वा "स्वतन्त्रप्राय" भएको उल्लेख गरे । दल वा नागरिकहरूका स्वतन्त्रता नियन्त्रण भएका विश्वसनीय जानकारी तथा पुष्ट घटनाहरू पाइएका तथा वार्ता गरिएका व्यक्तिहरूले समस्या रहेको उल्लेख गरेका क्षेत्रहरूलाई पर्यवेक्षकहरूले सम्बन्धित घटनाका संख्या, निरन्तरता र गम्भीरताका आधारमा "अंशतः स्वतन्त्र" वा "स्वतन्त्रता नरहेको" उल्लेख गरे । उदाहरणका लागि, राजनीतिक खुलापनमा नियन्त्रणका कारणले कुनै दलले कार्यालय खोल्न नसकेका क्षेत्रलाई "स्वतन्त्र नरहेको" मानियो । अन्ततः, वार्ता गरिएका अधिकांश व्यक्तिहरूले राजनीतिक खुलापनमा सुधार आएको बताउँदै सान्दर्भिक उदाहरणहरू प्रस्तुत गरेका क्षेत्रहरूलाई "सुधार भएको" ठानियो । सेन्टरले "स्वतन्त्र नभएका" तथा "सुधार भएका" दुवै किसिमका क्षेत्रहरू पाए जसको अर्थ वातावरणमा केही सुधार आएकोप्रति एकमत भए पनि राजनीतिक खुलापनका उल्लेख्य समस्याहरू यथावत रहेको बताइयो ।

[७] पर्यवेक्षकहरूले सन् २०११ को फेब्रुअरी र जुन महिनाका बीचमा छवटा हिमालि जिल्लाहरू (दार्चुला, बाजुरा, बझाङ, मुगु, जुम्ला र, संखुवासभा), सात पहाडी (अछाम, रुकुम, प्युठान, गोरखा, तनहुँ, धादिङ र रामेछाप) र बाह्र तराई ( चितवन, पर्सा, बारा, रौतहट, सप्तरी, महोत्तरी, सिराहा, सुनसरी, झापा, कैलाली, कपिलवस्तु तथा रुपन्देही) जिल्लाबाट तथ्यहरु संकलन गरे ।

जिल्लाहरूका साथै मध्य तराईका जिल्लाहरूलाई समाविष्ट गरियो । कार्टर सेन्टरले सन् २००९ मा आफ्नो पर्यवेक्षण थालनी गरेदेखि पर्यवेक्षकहरूले राजनीतिक खुलापन तथा सुरक्षा वातावरणका विषयमा नेपालभरि समग्रमा ४,००० भन्दा बढी अन्तर्वार्ता गरेका छन् ।

यस प्रतिवेदनका लागि कार्टर सेन्टरका पर्यवेक्षकहरूले ताजा राजनीतिक इतिहास, सन्दर्भ तथा राजनीतिक खुलापनका चुनौतीहरूबारे जानकारी लिन जिल्लाका सदरमुकाम तथा हरेक जिल्लाका विभिन्न गाविसहरूको भ्रमण गरे । पर्यवेक्षकहरूले राजनीतिक दलका प्रतिनिधि, सरकारी अधिकारी, नागरिक समाज प्रतिनिधि, पत्रकारहरूका साथै नागरिकहरूसँग अन्तर्वार्ता गरे र वार्ता गरिएका व्यक्तिहरूबाट राजनीतिक खुलापन बारेका दावीहरूलाई पुष्टि गराउने हरसम्भव प्रयास गरे । हरेक अन्तर्वार्तामा पर्यवेक्षकहरूले राजनीतिक दलहरूको स्वतन्त्र रूपले संगठित हुने र कार्यसञ्चालन गर्ने सामर्थ्य, राजनीतिक खुलापनका अवरोधहरू, चासो राखिएका ताजा घटना, वर्तमान अवस्थाप्रतिको धारणा तथा भविष्यका अपेक्षाहरूबारे प्रश्नहरू सोधे । सुरक्षा तथा गोपनीयता कायम राख्न राजनीतिक खुलापनबारेका विश्वसनीय जानकारी दिने व्यक्तिहरूको पहिचान गोप्य राखिएको छ । सीमित क्षमताका कारण नागरिक समाज संगठनहरूका लागि राजनीतिक खुलापनसम्बन्धी चासोहरू व्यवस्थित रूपमा संकलन गर्न भने सेन्टर असमर्थ रह्यो ।

यस प्रतिवेदनमा सन् २००७-२००८ को संविधानसभा निर्वाचनको प्रक्रियाको अवधिमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले संकलन गरेका तथ्यांकहरूको समेत उपयोग गरिएको छ । उक्त अवधिमा सेन्टरका नेपालभरि रहेका छवटा अन्तर्राष्ट्रिय पर्यवेक्षक टोलीहरूले राजनीतिक दलका गतिविधि, प्रचार अभियान, राजनीतिक खुलापनका मामिला, सुरक्षा वातावरण तथा निर्वाचन प्रक्रियाको व्यवस्थापनसम्बन्धमा जानकारी संकलन गरेका थिए । ती विवरणहरू अप्रिल २००७ र नोभेम्बर २००८ का बीचमा कार्टर सेन्टरद्वारा जारी गरिएका वक्तव्य तथा प्रतिवेदनहरूमा प्रकाशित भएका थिए ।[८] यसअलावा, जिल्लातहका विस्तृत पर्यवेक्षण विवरणहरू कार्टर सेन्टरको अभिलेखमा राखिएका छन् र सन् २००७-२००८ को निर्वाचनअवधि तथा वर्तमान समयबीचको तुलनाका लागि ती विवरणहरूलाई स्रोत तथ्यांकको रूपमा उपयोग गरिएको छ ।

## इ. मूख्य तथ्यहरूको सारांश

**चुनौतिहरूका बावजुद भ्रमण गरिएका लगभग सबै जिल्लामा सन् २००८ को संविधानसभा निर्वाचन अवधिपछि राजनीतिक खुलापनमा बृद्धि भएकोप्रति व्यापक मतैक्यता छ ।** सामान्यतः संविधानसभा निर्वाचन अवधिमा समस्याग्रस्त रहेका ठाउँहरूमा समेत राजनीतिक दलहरूले सार्वजनिक र आन्तरिक कार्यक्रमहरू बेरोकटोक गर्न सक्छन् । जिल्ला तथा गाविसतहमा वार्ता गरिएका दल, नागरिक समाज तथा सरकारी पक्षका व्यक्तिहरूले माओवादीको व्यवहारमा सुधार तथा तराईका केही स्थानमा सशस्त्र समूहको गतिविधिमा आएको कमीलाई यस उपलब्धिका कारणहरू भएको बताउनुका साथै केही क्षेत्रहरूमा समस्या जारी रहेको उल्लेख गरेका छन् ।

**राजनीतिक खुलापनमा सुधार आएको बताइए पनि गएको वर्ष राजनीतिक दलको समग्र गतिविधिको मात्रा तुलनात्मक रूपमा कम रह्यो । जसको अर्थ उपलब्ध खुलापनको केही अंशको अझै परीक्षण भएको छैन ।** स्थानीय तहमा राजनीतिक दलहरू अधिकांश सार्वजनिकभन्दा आन्तरिक कामहरूमा बढी केन्द्रित छन् भने भएका सार्वजनिक गतिविधिहरू गाविस तहमा भन्दा पनि जिल्ला सदरमुकाम र नगरपालिकाहरूतिर एकत्रित भएका छन् । खासगरी गाविसहरूमा व्यापक रूपमा सार्वजनिक राजनीतिक गतिविधि नभएको कारण राजनीतिक खुलापनको अवस्थाको पूर्ण मूल्यांकन गर्न कठिन छ । केन्द्रीय नेताहरूबाट मार्गदर्शन र निर्देशनहरूको अभाव नै यो निष्क्रियताको कारण भएको दलका सदस्यहरूले बारम्बार जिकिर गरे ।

**नेपालभरि नै वार्ता गरिएका धेरै व्यक्तिहरू माओवादी वर्चस्व रहेका तथा अन्य क्षेत्रका एनेकपा(माओवादी) कार्यकर्ताहरू "द्वन्द्वकालीन मानसिकता" बाट बिस्तारै टाढिँदै गएको बताउँछन् । तथापि केही क्षेत्रमा माओवादी हिंसा र धम्कीका गम्भीर घटनाका साथै द्वन्द्वकालदेखिको "मनोवैज्ञानिक त्रास" कायमै छ ।** देशभरि राजनीतिक खुलापनमा भएको वृद्धिका लागि माओवादीको व्यवहारमा आएको सुधारलाई मुख्य कारणहरूमध्ये एक भएको उद्धृत गरिएको छ र पहिले माओवादीको प्रभुत्व रहेको मानिएका केही गाविसहरूमा नेपाली कांग्रेस तथा एमालेले आफ्ना समितिहरू पुनर्स्थापना गर्नु तथा माओवादीको बलियो पकड भएका स्थानमा समेत राजमो जस्ता दलले संघीयता विरोधी मुद्दाहरूको खुला प्रसार गर्नुले यसलाई पुष्टि गरेका छन् । तथापि माओवादी तथा निकै कम मामिलामा पहिचानमा आधारित संगठनहरूले अन्य दलको राजनीतिक खुलापनलाई नियन्त्रण गर्न धम्की र हिंसाको प्रयोग गरेका विश्वसनीय उदाहरणहरू पनि पाइएका छन् । यसअलावा, शिविरमा माओवादी लडाकुहरूको उपस्थितिले राजनीतिक खुलापनप्रतिको अवधारणामा नकारात्मक असर पारि नै रहेको छ ।

**तराईका अधिकांश क्षेत्रमा राजनीतिक खुलापनको अवस्था सामान्यतः स्वतन्त्र रहेको बताइयो । राजनीतिक खुलापन नियन्त्रण गर्ने क्षमता र अभिप्रायका कुनै पनि दल वा समूह नदेखिनु यसको मुख्य कारण थियो । तथापि सशस्त्र समूहको हिंसाले केही क्षेत्रहरूलाई अझै प्रभावित पारिरहेको छ ।** द्वन्द्वको अन्त्यपछि तराईका विशेषगरी मधेसी बाहुल्यताका क्षेत्रहरूमा राजनीतिकर्मीहरूको संख्यात्मक वृद्धि भएको छ तथापि कुनै एक दल वा समूहको प्रभुत्व भने देखिँदैन । सशस्त्र समूहको हिंसा पनि जारी छ र एनेकपा(माओवादी) का कार्यकर्ता तथा नेताहरू अनुपातिक रूपमा बढी तारो भएका छन् । यी आक्रमणहरू व्यक्तिगत वा अन्य कारणको तुलनामा कुन मात्रामा राजनीतिक उद्देश्यका साथ भएका छन् भन्ने निर्क्योल गर्न गाह्रो छ ।

[८] http://cartercenter.org/news/publications/election_reports.html#nepal मा उपलब्ध ।

**साना दलहरू अधिकांशतः निष्क्रिय भए पनि उनीहरू संगठित हुन, गतिविधि सञ्चालन गर्न तथा स्थानीय विकासका अंगहरूमा सहभागी हुन स्वतन्त्रप्रायः छन् ।** जिल्लाका मामिलाहरूमा ठूला दलहरूको तुलनामा साना दलको प्रभाव कमै रहन्छ र उनीहरू सर्वदलीय संयन्त्र तथा स्थानीय विकास योजनाहरूमा सीमान्तीकृत गरिएको बारम्बार गुनासो गर्छन् । संघीयताविरोधी तथा राजावादी एजेन्डाका प्रबर्द्धकहरूले अन्य दलहरूबाट शत्रुतापूर्ण व्यवहारको सामना गरेको हुनसक्ने भए पनि अवरोधपूर्ण घटनाहरू थोरै मात्र भएका छन् ।

**थोरै अपवादबाहेक अधिकांश जातीय संगठनहरूले राजनीतिक दल तथा अन्य समूहहरूलाई सार्वजनिक गतिविधि गर्न अवरोध गरेका छैनन् र उनीहरूका गतिविधिहरूलाई पनि बाधा छैन ।** अधिकांश जातीय संगठनहरू आफ्ना एजेण्डाहरूलाई शान्तिपूर्ण एवं कानुनी माध्यमबाट अघि बढाइरहेका छन् र यस्ता समूह तथा स्थापित राजनीतिक दलका बीचमा खुला विवादका थोरै मात्र दृष्टान्तहरू छन् । तथापि संघीय लिम्बुवान राज्य परिषद्को एक गुटले पूर्वमा राजमोको संघीयता विरोधी कार्यक्रमहरूमा अवरोध गरेको छ भने फेब्रुअरी २०१० मा गोरखामा एनेकपा(माओवादी) कार्यकर्ताहरूले आमसभामा भाग लिन जाँदै गरेका क्षेत्री समाजका सदस्यहरूलाई अवरोध गरेका थिए ।

**राजनीतिक दलहरू अधिकांश क्षेत्रमा स्थानीय विकासका अंगहरूमा सहभागी हुन अंशतः वा पूर्णतः स्वतन्त्र रहेको र विकाससम्बन्धी मामिलामा प्रायःजसो राम्रो सहकार्य भएको बताउँछन् ।** निर्वाचन वा विशेष अभियानका कार्यक्रम नभएको हुँदा दलका स्थानीय कार्यालयहरूको बढीजसो काम स्थानीय विकास संस्थाहरूमा सहभागिता जनाउनु नै हुन्छ । दलहरू ती संस्थाहरूसँग सामान्यतः राम्रो सहकार्य भएको बताउँछन् । तथापि व्यवहारमा कहिलेकाहीँ यो आर्थिक प्राप्तिसँग गाँसिएको देखिन्छ । आफ्नो फाइदाको लागि "बजेट बाँडफाँट" या दलसम्बद्ध समूह वा ठेकेदारका लागि प्रत्यक्ष रकम दिएका कथनहरू पर्यवेक्षकहरूले बारम्बार सुने । कहीँकहीँ दलहरूले एकअर्कालाई स्थानीय अंगमा "प्रभुत्व" जमाएको आरोप लगाएका छन् र केही जिल्लाका विद्यालय व्यवस्थापन समिति तथा उपभोक्ता समूहको गठन एवं विकास निर्माणका ठेक्का दिने कार्यमा झडप पनि भएका छन् ।

**नेपालका केही क्षेत्रमा *गैरराजनीतिक* स्वतन्त्रता अत्यन्तै न्यून छ ।** सन् २००६ मा भएको शान्ति प्रक्रियाको आरम्भदेखि स्थानीय तहमा राजनीतिक दलहरूको भूमिकामा विस्तार भएको छ । त्यसैले राजनीतिक दलहरू स्वयंका निम्ति खुला राजनीतिक खुलापनको स्तर यस प्रतिवेदनको केन्द्रबिन्दु भएपनि नेपालका दलहरूले चाहिँदोभन्दा बढी हस्तक्षेपकारी भूमिका निर्वाह गरिरहेको र राजनीतिक दलहरूसँग सोझै आवद्ध नभएका व्यक्तिहरूको निम्ति खुला स्थानको अभाव भएको तथ्य पनि ध्यान दिन योग्य छ । पूर्वी तराईको एक जिल्लाका जिल्ला प्रशासन कार्यालयका एकजना अनुगमन अधिकारीले साझा गुनासो व्यक्त गरेः - "कुनै दलमा नलागेका मान्छेको कुरै सुनिँदैन ।"

**वार्ता गरिएका केही व्यक्तिहरू संविधानसभा निर्वाचन अवधिपछि सुदृढ राजनीतिक खुलापनको स्थायित्वप्रति आशावादी छन् जबकि अन्यको मान्यतामा आगामी निर्वाचन अझ प्रतिस्पर्धात्मक र सन् २००८ को भन्दा बढी हिंसापूर्ण हुनेछ ।** भावी निर्वाचनहरूमा प्रचारप्रसारको वातावरण सन् २००८ भन्दा बढी या कम स्वतन्त्र हुन्छ भन्ने जिज्ञासामा यस प्रतिवेदनका लागि अन्तर्वार्ता गरिएका नेपाली नागरिकहरूको धारणा मिश्रित थियो । केहीले आगामी निर्वाचन कम हिंसात्मक हुने धारणा राखे पनि उनीहरूले वर्तमान सुधारहरूलाई स्थायित्व दिनका लागि आगामी निर्वाचन हुनुअगावै माओवादी लडाकुहरूको समायोजन तथा पुनर्स्थापना कार्य अघि बढिरहेको अवस्थामा वा समाप्त भैसकेको हुनुपर्ने पनि बारम्बार दोहोऱ्याए । अन्य व्यक्तिहरूले नेपाली कांग्रेस र एमालेले सन् २००८ को अनुभवबाट 'पाठ सिकेको' र आगामी निर्वाचनहरूमा अझ आक्रामक रणनीति अपनाउने आशंका गरे । अन्त्यमा, वार्ता गरिएका धेरै व्यक्तिहरूले राजनीतिक हस्तक्षेप, राजनीतिसम्बद्ध व्यक्तिहरूमा रहेको व्यापक दण्डहीनता तथा प्रहरी संसाधनको कमीका कारणले प्रहरी तथा प्रशासन अधिकारीहरूको राजनीतिक खुलापनको प्रत्याभूति दिने क्षमता सीमित भएको पनि उल्लेख गरेका छन् ।

## ई. राजनीतिक परिप्रेक्ष्य र सान्दर्भिक सहमतिहरू

*सन् १९९० को दशक र द्वन्द्वको अवधिमा राजनीतिक खुलापन*

नेपालमा राजनीतिक स्थान पूर्णतः खुला विरलै भएको छ । बरू, सन् १९९० को दशकमा नेपाली राजनीतिक दलहरूले आफ्ना प्रतीस्पर्धीहरूको राजनीतिक खुलापन छेक्न र निर्वाचनमा जालझेल गर्न समयसमयमा हिंसा, धम्की तथा अन्य तरिकाहरूको प्रयोग गरे ।[९] त्यस्ता रणनीतिहरूको प्रयोग धेरै दलहरूले गरेका थिए । उदाहरणका लागि, सन् १९९१ को चुनावी अभियानका क्रममा नेपाली कांग्रेसका स्व. नेता गिरिजाप्रसाद कोइराला प्युठानको एक चुनावी प्रचारप्रसार बैठकबाटै भाग्नु परेको थियो जब उनीमाथि आफ्नो निर्वाचन बहिष्कारलाई सफल पार्न नेकपा(मशाल) समर्थकहरूले आक्रमणको प्रयास गरे । यसको विपरीत, इन्सेकको विवरणअनुसार त्यसताका रोल्पामा, "स्थानीय निर्वाचनहरू एकपक्षीय ढंगमा हुन्थे... र अन्य दलका उम्मेदवारहरू (नेपाली कांग्रेसइतरका) ले मनोनयन नै गर्न पाउँदैनथे ।"[१०] यो अवधिमा प्रायजसो पूर्व पञ्चायती प्रणालीसँग सम्बन्धित दलका नेताहरू अवरोधको शिकार हुन्थे ।[११] सन् १९९९ मा

---

[९] उदाहरणका लागि हेर्नुहोस्, इन्टरनेशनल क्राइसिस ग्रुप, *Nepal's Political Rites of Passage*, सेप्टेम्बर २०१०, पृष्ठ २३, वेल्टन, जोन, "The General Elections of May 1991," माइकल हट (सं), *Nepal in the Nineties*, नयाँ दिल्लीः अक्सफोर्ड युनिभर्सिटि प्रेस, १९९३, पृ. ६८, र हफ्टन, मार्टिन, विलियम रेपर तथा जोन वेल्टन, *People, Politics and Ideology: Democracy and Social Change in Nepal*, काठमाडौं, मण्डला बुक प्वाइन्ट, १९९९, पृ. २५१ ।

[१०] थापा दीपक र बन्दिता सिजापती, *A Kingdom Under Siege: Nepal's Maoist Insurgency, 1996 to 2003* काठमाडौं, द प्रिन्ट हाउस, २००३, पृ. ६८-६९

हफ्टन, रिपर र वेल्प्टनले लेखेजस्तै, “मतदानमा आधिकारिक हस्तक्षेपको संभावनाका साथसाथै मतदानस्थलको वरिपरिको क्षेत्रमा दह्रो बहुमत भएको दलले आफूसँग रहेको ठूलो जनसंख्यालाई मतदान अधिकारीहरू र विरोधी उम्मेदवारका समर्थकहरूलाई तर्साउन उपयोग गर्न सक्छन् भन्ने सामान्य बुझाई नेपालमा विद्यमान छ।”[१२]

सन् १९९० को दशकमा सत्तासीन दलले राज्यका संयन्त्रहरूको प्रयोगमा प्रतिपक्षीहरूको राजनीतिक खुलापनलाई सीमित बनाउनु राजनीतिक खुलापनमाथिको बन्देजको अर्को नमूना थियो जसले केही पटक प्रहरी र प्रतिपक्षी दलहरूबीच हिंसात्मक झडपहरू निम्त्यायो। सन् १९९१ मा नेपाली कांग्रेस नेतृत्वको सरकार गठन भएपछि के भनियो भने, “केन्द्रभन्दा टाढा रहेका जिल्लाहरूमा नेपाली कांग्रेसका स्थानीय राजनीतिक कार्यकर्ताहरूसँगको मिलेमतोमा स्थानीय प्रशासनबाट कम्युनिष्ट कार्यकर्ताहरूले पीडा झेल्न थाले।”[१३] विशेषगरी, प्रहरीले खासगरी रोल्पा र रुकुम जिल्लामा संयुक्त जनमोर्चा नेपाल (संजमो-नेपाल) लाई राजनितिक स्थान नदिनका लागि स्वेच्छाचारी गिरफ्तारी र केहि मामिलामा यातनाको प्रयोग गरेको भनियो। त्यस समयमा संजमो-नेपालले नेपाली कांग्रेसका कार्यकर्ताहरूमाथि आक्रमण गरेका कैयौं घटनाहरु थिए।

माओवादी विद्रोहको दौरान यो दृष्टान्तमा व्यापक परिवर्तन आयो। माओवादीहरूले स्थानीय तहका अन्य दलका राजनीतिक कार्यकर्ताहरूमाथि आक्रमण गरे र उनीहरूलाई आफ्नो प्रभावक्षेत्रबाट लखेटे, र त्यो क्रम विभिन्न जिल्लाहरूमा बढ्दै गयो। नेपाली कांग्रेसका स्थानीय राजनैतिक कार्यकर्ता पहिलो निशानामा थिए।[१४] परिणामतः माओवादीबाहेकका दलका समर्थनमा रहेका आधार क्षेत्रहरू उल्लेख्य रूपमा कमजोर भए र केही स्थानमा उनीहरूका वडा तथा गाविस तहका संरचनाहरू नै समाप्त भए।[१५] त्यसै समयमा राज्यका सुरक्षा शक्तिहरू पनि माओवादीहरूका समर्थक वा संदिग्ध समर्थकहरूतर्फ लक्षित भए, जस्तै सन् १९९८ को मे महिनामा “अपरेशन किलो शेरा २” नामक सुरक्षा कारवाहीको प्रारम्भ भयो।[१६] समग्रमा, खासगरी द्वन्द्वको पछिल्लो समयमा देशको अधिंकाश क्षेत्रको राजनीतिक खुलापन नराम्ररी खुम्चिन पुग्यो।

*राजनीतिक खुलापन र नेपालको शान्ति प्रक्रिया*

नोभेम्बर २००५ मा सात दलको गठबन्धन र माओवादीहरूले १२ बुँदे सम्झौता गरे जसमा शान्ति प्रक्रियाका अधिकांश मूलभूत सिद्धान्तहरू स्थापित गरिएको थियो। तीमध्ये मुख्य “सशस्त्र द्वन्द्वको अवधिमा विस्थापित भएका व्यक्ति तथा राजनीतिक दलका नेता र कार्यकर्ताहरूलाई फर्कन र सम्मानका साथ बस्न तथा उनीहरूलाई बेरोकटोक राजनीतिक गतिविधिहरू सञ्चालन गर्न दिने”[१७] माओवादीहरूको प्रतिबद्धता थियो। अप्रिल २००६ को दोस्रो जनआन्दोलनपछि सातदलीय गठबन्धन र माओवादीबीच औपचारिक शान्ति प्रक्रियाको प्रारम्भ भयो। मे २००६ को युद्धविराम आचारसंहितामा दुवै पक्षले राजनीतिक गतिविधिहरूमाथिका सबै खाले अवरोधलाई निषेध गर्ने मौखिक प्रतिबद्धता दोहोऱ्याए। यी प्रतिबद्धताहरू नोभेम्बर २००६ को विस्तृत शान्ति सम्झौतामा लिपिबद्ध गरिए जसमा दुवै पक्षले “नेपाली जनताले आफ्ना नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको उपभोग गर्न पाउने खालको वातावरण निर्माण गर्न”, “बोल्ने, अभिव्यक्त गर्ने, संगठित हुने र शान्तिपूर्ण भेला गर्ने हरेकको स्वतन्त्रताको सम्मान गर्न” र “शान्तिपूर्ण राजनीतिक गतिविधिमा सहभागी हुन पाउने स्वतन्त्रता सुनिश्चित गर्न” सहमति जनाए। उस्तै खालका प्रतिबद्धताहरू तत्पश्चात्का सम्झौताहरूमा पनि गरिएका थिए, जस्तै डिसेम्बर २००७ को २३ बुँदे सम्झौता, अप्रिल २००८ को १० बुँदे सम्झौता तथा जुन २००८ मा संविधान संशोधन गरी शान्ति प्रक्रियालाई अघि बढाउन गरिएको सहमति आदि।

*संविधानसभा निर्वाचन अवधिको समयमा राजनीतिक खुलापन*

सन् २००७ को मार्चदेखि सन् २००८ को मे महिनासम्म कार्टर सेन्टरले संविधानसभा निर्वाचन प्रक्रियाको प्रत्यक्ष पर्यवेक्षण गऱ्यो र हिमाल, पहाड तथा तराईमा देखिएका राजनीतिक खुलापनसँग सम्बन्धित गम्भीर प्रकृतिका विवरणहरू बारम्बार उजागर गऱ्यो। कार्टर सेन्टरले आफ्ना जम्मा आठवटा प्रतिवेदनहरूमा निर्वाचन-पूर्वको सुरक्षा वातावरणमाथि गम्भीर चुनौती रहेको उल्लेख गर्दै नेपाल सरकार तथा राजनीतिक दलहरूलाई उचित कदम चाल्न जोडदार आग्रह गऱ्यो। उदाहरणका लागि, नोभेम्बर २००७ मा नेपालको संसदका लागि दिइएको आफ्नो भाषणमा पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले माओवादी युवा समूह, योङ कम्युनिष्ट लिग (वाइसिएल) तथा तराईका सशस्त्र समूहहरूद्वारा “अस्वीकार्य” तहको “हिंसा, हैरानी र जबर्जस्ती असुली” भएको उल्लेख गर्नुभएको थियो।

---

[११] पञ्चायती व्यवस्थाको असफलतापछि पूर्व पञ्च नेताहरूले स्थापना गरेका दलहरूलाई सार्वजनिक भेलाजस्ता राजनीतिक गतिविधिहरू गर्नबाट बारम्बार रोकियो। पूर्व शासनव्यवस्थासँग सम्बन्ध राखेको आरोपमा कर्मचारीहरू तथा विश्वविद्यालयजस्ता स्थानका केही कर्मचारीहरू समेत निकालिए। हफ्टन, पूर्ववत, पृ. १५५, १५९। वेल्प्टन, पूर्ववत, पृ. ६८ पनि हेर्नुहोस्।

[१२] हफ्टन, पूर्ववत, पृ. २५१।

[१३] थापा र सिजापति, पूर्ववत, पृ. ६८-७२

[१४] ऐ, पृ. १५४

[१५] इन्टरनेशनल क्राइसिस ग्रुप, पूर्ववत, पृ. २३।

[१६] थापा र सिजापति, पूर्ववत, पृ. ९२

[१७] सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको १२ बुँदै सम्झौता, नोभेम्बर २२, २००५।

जे भए पनि निर्वाचनपूर्वको अवधिभरि आफ्नो दह्रो पकड भएका क्षेत्रमा दलहरूको धम्की, जबरजस्ती तथा आफ्ना प्रतिद्वन्द्वीहरूविरुद्ध हिंसाको प्रयोगमा वृद्धि भयो । विशेषगरी पहाडी र हिमाली जिल्लाहरूमा धम्की, हैरानी तथा अन्य राजनीतिक दलका सदस्यहरूविरुद्ध हिंसाका अधिकांश घटनामा माओवादी र वाइसिएल जिम्मेवार थिए ।[१८] त्यसै समयमा निर्वाचनको दुई दिनअघि दाङमा आफ्ना आठ कार्यकर्ताहरूको हत्यासँगै माओवादीहरू पनि गम्भीर हिंसाको शिकार भएका थिए । विगतमा हस्ताक्षर गरिएका सहमतिहरूको ठाडो उल्लंघन गर्दै देशभरिका सशस्त्र माओवादी लडाकुहरू प्रचार अभियानका लागि शिविरबाहिर आउनाले त्रास र धम्कीको वातावरण सृजना गरेको विवरण पनि सेन्टरले प्राप्त गरेको छ । यसबाहेक, अघिल्लो पटकको निर्वाचनपूर्वको अवधिमा राजावादी मानिएका दलहरू सन् १९९० को दशकदेखिको प्रवृत्तिकै निरन्तरतामा धम्की र हैरानी खेप्ने सबैभन्दा प्रमुख निशाना भए । तथापि, आवतजावतको स्वतन्त्रताको उल्लंघन पनि बताइएका यथार्थ घटनाभन्दा बढी नै रहेको ठानिएको कार्टर सेन्टरले जनाएको थियो । केही क्षेत्रमा जिल्ला सदरमुकामका दल कार्यकर्ताहरूको गाउँ जान अत्यन्त खतरापूर्ण रहेको भन्ने दावीहरू र गाउँलेहरूको सुरक्षा स्थिति शान्तिपूर्ण रहेको तथा दलका कार्यकर्ताहरू गाउँ गएर समस्या मोल्न नचाहेको भन्ने कथनहरू आफैँमा विरोधाभाषपूर्ण थिए ।[१९]

यस विपरीत संविधानसभा निर्वाचनको अवधिमा तराईका राजनीतिक खुलापनसम्बन्धी चासोहरू मुख्य रूपमा मधेशवादी राजनीतिक मुद्दाहरूलाई समर्थनको दावी गर्ने सशस्त्र समूहहरूको हिंसा र उनीहरूको बढ्दो उपस्थितिसँग जोडिएका थिए । सरकारी अधिकारीहरू (विशेषगरी गाविस सचिव) र नागरिकहरू सर्वाधिक प्रभावित भए पनि सशस्त्र समूहहरूले दलहरूको राजनीतिक खुलापन खुम्च्याउनका लागि पनि प्रत्यक्ष कदम चाले । बारा, महोत्तरी र रौतहट लगायतका जिल्लामा सशस्त्र समूहहरूद्वारा माओवादी नेता तथा कार्यकर्ताहरू मारिए । सेप्टेम्बर २००७ मा तराई टाइगर्सले राप्रपालाई महोत्तरी र धनुषाका गाउँहरू छाड्न धम्कीपूर्ण पर्चाहरू जारी गऱ्यो । त्यसपछि राप्रपाका जिल्ला नेताहरू काठमाडौं गएको बताइयो । जनवरी २००८ मा बाँकेमा सातदलीय गठबन्धनको भेलाको एक दिनअघि १५ वटा बम विष्फोट हुनुका साथै यी दलहरूलाई समर्थन गर्ने मधेसीहरूले दुई हप्ताभित्र आफ्नो समर्थन फिर्ता नलिए ज्यान मार्ने धम्की दिँदै जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) र मधेसी टाइगर्सले प्रेस वक्तव्य जारी गरे । खासगरी मार्च २००७ मा रौतहटको सदरमुकाम गौरमा मधेसी जनाधिकार फोरम समर्थकहरूले २६ माओवादी कार्यकर्ताहरूको हत्या गरेपछि मधेसी दल र माओवादीबीचको तनाव पनि अत्यधिक बढ्यो ।[२०] त्यसपछिका महिनाहरूमा तराईका माओवादीका जिल्लास्तरीय नेताहरूले कार्टर सेन्टरका पर्यवेक्षकहरूसमक्ष बढ्दो असुरक्षाको भावना व्यक्त गरेका थिए । जनवरी २००८ मा माओवादीका एक प्रतिनिधिले अवस्था "पूर्ण रूपमा अराजक" भएको भन्दै कानूनको शासन कायम राख्न थप प्रहरी पठाउन सरकारसँग माग राखे ।

## उ. वर्तमान नेपालमा राजनीतिक खुलापनसम्बन्धी विस्तृत तथ्यहरू

संविधानसभाको निर्वाचनदेखि यताको समयमा देशभरि नै राजनीतिक खुलापनको स्तरका सम्बन्धमा थोरै जानकारी मात्रै उपलब्ध छ । खास गरी माओवादीहरूको बलियो पकड रहेको भन्ने ठानिएका क्षेत्रहरू र असुरक्षाले निरन्तर प्रभावित रहेका तराईका भागहरूमा खुला राजनीतिक स्थानको स्तरबारे निकै कम जानकारी छ । संविधानसभाको निर्वाचनको समयमा पर्यवेक्षण गरिएको प्रमुख राजनीतिक स्थानको अवस्था अद्यावधिक गर्ने र भविष्यमा हुने राजनीतिक खुलापनको परिवर्तन मापन गर्ने (जस्तै : भविष्यको चुनावी प्रचारप्रसार अभियानलाई मापन गर्ने) आधार-रेखाका रूपमा ती निष्कर्षहरूले सघाउ पुऱ्याऊन् भन्ने चाहना गरिएको छ ।

### १. देशभरि भ्रमण गरिएका लगभग सबै जिल्लाहरूमा सन् २००८ को संविधानसभा निर्वाचन अवधिपछि राजनीतिक खुलापनमा वृद्धि भएकोप्रति व्यापक मतैक्यता भए पनि चुनौतीहरू यथावत छन् ।

भ्रमण गरिएका सम्पूर्ण जिल्लामा वार्ता गरिएका लगभग सबै व्यक्तिहरू संविधानसभा निर्वाचनपछि राजनीतिक खुलापनमा स्पष्ट सुधार आएकोप्रति सहमत छन् र अहिले देशका धेरै जिल्लामा दलका गतिविधि सञ्चालन गर्न तथा ढुक्कले हिँडडुल गर्न समस्या नरहेको वा थोरै मात्र रहेको दलका सदस्यहरूले जनाए ।

यो सकारात्मक परिवर्तनका विभिन्न कारणहरू छन् । यस परिवर्तनको लागि हिमाली तथा पहाडी जिल्लामा गएको तीन वर्षमा माओवादी व्यवहारमा आएको सुधारलाई मुख्य कारण बताइयो । उदाहरणका लागि, बाजुराका सबै गाविसमा अन्य दल वा समूहको हस्तक्षेपको त्रासबिना दलका कार्यक्रमहरू सञ्चालन गर्न सकिएको सबै राजनीतिक दलले बताएका छन् । यसअघि माओवादी पकडका भनिएका

[१८] त्यस्ता घटनाका उदाहरणहरूबारे कार्टर सेन्टरले जनाएको थियो: "वाइसिएलले नेपाली कांग्रेसको जनसभामा आक्रमण गऱ्यो, उदाहरणका लागि सन् २००८ को फेब्रुअरी महिनामा दार्चुला र तनहुँ जिल्लामा... गुल्मी र गोरखामा माओवादीहरूले अन्य दलहरूलाई शारीरिक क्षति पुऱ्याउने धम्की दिएको बताइएको थियो । डडेल्धुरा जिल्लाका गाविसहरूमा नेपाली कांग्रेसका केही कार्यकर्ताहरूलाई माओवादीहरूले निष्काशित गरेको आरोप थियो । बैतडी जिल्लामा एमालेका आठजना कार्यकर्तालाई माओवादी समर्थकहरूको एक समूहले जबरजस्ती कुटपिट गरेको बताइएको थियो । हिमाली र पहाडी जिल्लाका बढी दुर्गम गाउँहरूमा माओवादी र खासगरी वाइसिएल कार्यकर्ताहरूको मात्र उपस्थिति थियो र अन्य दलका कार्यकर्ताहरूले वाइसिएलले पिट्ने, अपहरण गर्ने वा ज्यान समेत मार्न सक्ने कारणले गाउँहरूमा जान नसकेको पटक पटक बताउँथे । उदाहरणका लागि जाजरकोटमा वाइसिएलले राप्रपाका उम्मेदवारलाई गाउँलेहरूको अगाडि बोल्न निषेध गरे र दलका निर्वाचन सामग्री कब्जा गरे ।", द कार्टर सेन्टर, "सन् २००८ को नेपालको संविधानसभा निर्वाचनको पर्यवेक्षण", २००८, पृ. २८

[१९] ऐ., पृ. २८-३०

[२०] यस घटनामा थप जानकारीका लागि, ओएचसीएचआर-नेपालको, "Findings of OHCHR-Nepal's Investigations into the 21 March Killings in Gaur and Surrounding Villages," हेर्नुहोस्, अप्रिल २००७ ।

क्षेत्रहरूमा समेत कार्यसञ्चालन गर्न सकिनेप्रति एमाले विश्वस्त थियो भने नेपाली कांग्रेसका एक वरिष्ठ सदस्यले गाविसको वातावरण "त्रासरहित" भएको विश्लेषण गरे । प्युठान जिल्लाका सबै दलले राजनीतिक खुलापनमा सुधार आएको बताए र जिल्ला सदरमुकाम वा गाविसमा राजनीतिक खुलापनसँग सम्बन्धित ठूल्ठूला विषय वा दलका गतिविधिहरूमा समस्या भएको कसैले मानेनन् । रुकुम, जुम्ला, दार्चुला र धादिङ जस्ता विभिन्न हिमाली तथा पहाडी जिल्लाहरूमा राजनीतिक खुलापन सुदृढ भएका भावहरू व्यक्त भए ।

भ्रमण गरिएका तराईका जिल्लाहरूमा पनि सन् २००८ पछि राजनीतिक खुलापनमा सुधार आएको बताइयो । त्यसो हुनुमा त्यहाँ माओवादी व्यवहारमा आएको परिवर्तनका अलावा सुरक्षा वातावरणमा सुधार र सशस्त्र समूहका गतिविधिमा कमी आउनु नै प्रमुख कारण देखियो । कपिलवस्तु, सप्तरी, पर्सा र महोत्तरीलगायत जिल्लाका सबै राजनीतिक दलका प्रतिनिधिहरूले केही क्षेत्रमा सशस्त्र समूहका गतिविधि अझै पनि चिन्ताका विषय भए पनि संविधानसभा निर्वाचनअवधिको तुलनामा संगठन निर्माण तथा कार्यक्रमहरू सञ्चालन गर्नका लागि वातावरण धेरै सहज भएको बताए ।

तथापि, सुधारका यी विवरणहरूका वाबजुद खण्ड उ.४ र उ.८ मा व्याख्या गरिएजस्तै देशका केही भुभागमा गम्भीर समस्याहरू यथावत् छन् । यसअतिरिक्त, यी सुधारहरू स्थायी रहन्छन् वा अहिलेको समयका लागि मात्र हुन् भन्नेमा आशंका यथावत् छ जसलाई खण्ड ऊ मा विश्लेषण गरिएको छ ।

२. **राजनीतिक खुलापनमा सुधार आए पनि गएको वर्ष राजनीतिक दलहरूको समग्र गतिविधि सापेक्षिक रूपमा कम छ, जसको अर्थ उक्त खुलापनको पूर्ण परीक्षण भएको छैन ।**

उल्लेखयोग्य धेरै अपवादहरू सँगसँगै राजनीतिक दलका अधिकतर क्रियाकलाप आन्तरिक सांगठनिक कार्य र सदस्यता वितरणमा सीमित छन् जसकारण दलहरूको सार्वजनिक कार्यक्रम सञ्चालन गर्ने स्वतन्त्रताको मापन गर्न असहज भएको छ । उदाहरणका लागि नेपाली कांग्रेसले सेप्टेम्बर २०१० मा राष्ट्रिय अधिवेशन गर्नुअघि गाविस तहका आन्तरिक बैठक र जिल्ला तहका निर्वाचनहरूमा ध्यान केन्द्रित गर्‍यो । त्यसैगरी धेरै जिल्लाहरूमा नेपाली कांग्रेसले सदस्यता वितरण अभियान र सदस्य तथा कार्यकर्ताहरूका लागि तालिम सञ्चालन गरेको पर्यवेक्षकहरूले पुष्टि गरेका छन् । नेपाली कांग्रेसले सन् २०११ को अप्रिल तथा मे महिनामा गरेका आमसभाहरू आन्तरिक कार्यक्रमलाई जोड दिने कार्यका मुख्य अपवादहरू थिए । त्यसैगरी एमालेले पनि धेरै जिल्ला तथा केही गाविसहरूमा कार्यकर्ताहरूलाई केन्द्रीय तहका क्रियाकलाप र विकासक्रमबारे अद्यावधिक गराउन तालिमहरू आयोजना गरेको छ । एमालेका सीमित सार्वजनिक कार्यक्रमहरू केन्द्रीय तहका नेता, मन्त्री तथा जिल्लाबाट गएका संविधानसभा सदस्यको भ्रमणको सेरोफेरोमा मात्र केन्द्रित भएका छन् । एनेकपा(माओवादी) ले पनि मे २०१० मा गरेको हप्ता लामो बन्दपछि आन्तरिक कार्यक्रमहरूमै बढी ध्यान दिएको छ । यद्यपि उक्त दलले केन्द्रीय तहका नेताहरूको भ्रमण हुँदा सार्वजनिक समारोह, "शहीद दिवस"को स्मृतिमा आमसभा तथा दोस्रो जनआन्दोलनको वार्षिकोत्सवलगायतका सार्वजनिक कार्यक्रमहरू गरेको छ । विशेषगरी गाविस तहमा एनेकपा(माओवादी) का कार्यक्रमहरू अन्य दलको भन्दा बढी नियमित छन् ।

आन्तरिक गतिविधिमा बढी ध्यान र सार्वजनिक गतिविधिको अभावको प्रवृत्ति संविधानसभा निर्वाचनको समयभरि नै रहेको कार्टर सेन्टरले पर्यवेक्षण गरेको छ । अधिकांश मूख्य दलका प्रचार अभियानहरू निर्वाचनको एक महिना अगाडि मार्च २००८ मा मात्रै तत्परताका साथ शुरु भए । त्यतिबेला पनि अधिकांश दलहरू शहरी क्षेत्र र जिल्ला सदरमुकामहरूमा नै बढी केन्द्रित रहेर दुर्गम वा ग्रामीण क्षेत्रहरूमा थोरै मात्र प्रचारप्रसार गरेको पर्यवेक्षकहरूले उल्लेख गरेका छन् । अहिलेकै अवस्थामा जस्तै एनेकपा(माओवादी) भने अपवाद थियो, उसले अन्य दलभन्दा पहिले प्रचारप्रसार शुरु गर्‍यो र ग्रामीण क्षेत्र तथा दुर्गम गाविसहरूमा प्रचारप्रसारका लागि उल्लेख्य रूपमा बढी मेहनत गर्‍यो । तथापि, कहिलेकाहीं गैरमाओवादी दलहरूले राजनीतिक खुलापनका समस्याका कारण आफूहरूले माओवादीहरूको जस्तै व्यापक प्रचार प्रसार गर्न नपाएको तर्क गरे ।

३. **अन्तर्वार्ता गरिएका धेरै दलका सदस्यहरूले सार्वजनिक गतिविधिमा कमी हुनुको एक मुख्य कारण केन्द्रीय तहका नेताहरूबाट मार्गदर्शन र निर्देशनको अभाव रहेको र त्यसैकारण राजनीतिक खुलापनको उपयोग गर्न नसकिएको उल्लेख गरे ।**

माओवादीबाहेकका अन्य धेरै दलका प्रतिनिधिहरूले केन्द्रीय तहबाट हुनु पर्ने मार्गदर्शन र निर्देशनको अभाव नै सार्वजनिक गतिविधिको न्यूनताको मुख्य कारण भएको जिकिर गरे । उदाहरणको लागि, रौतहटका धेरै राजनीतिक दलका सदस्यहरूले आफ्ना नेताहरू सरकार गठनका लागि राष्ट्रिय तहको बहसमै बढी केन्द्रित रहेको र स्थानीय गतिविधिका लागि चासो नदेखाएको बताए । साथै, धेरै जिल्लाका दलका सदस्यहरूले आन्तरिक तथा राष्ट्रिय तहका गुटगत विवादहरूलाई स्थानीय शाखाहरू सक्रिय हुनुअगावै समाधान गरिनुपर्ने धारणा राखे । उदाहरणका लागि सुनसरीका धेरै दलका जिल्ला नेताहरूले केन्द्रमा हुने गुटगत विवादका कारण केन्द्रका कसैले पनि जिल्लाद्वारा प्रस्तावित कार्यक्रमहरूको समीक्षा र अनुमोदन नगरेको उल्लेख गरे । भ्रमण गरिएका धेरै जिल्लाहरूमा यस्तै आशय व्यक्त भएका थिए ।

केही व्यक्तिहरूले निर्वाचनको मिति नजिकै नभएको र अधिकांश दलहरूसँग नेपाली जनतालाई दिन स्पष्ट सन्देश नभएको कारण दलहरूमा सार्वजनिक कार्यक्रम गर्ने जाँगर थोरै भएको उल्लेख गरे । यस्तो दृष्टिकोणले स्थानीय कार्यकर्ताहरूलाई निराश बनाए पनि राजनीतिक दलहरूले चाहेको खण्डमा खासगरी मतदाता दर्ता प्रक्रियाका साथसाथै राज्य पुनर्संरचनाका मुख्य मुद्दाहरूमा संवैधानिक बहसले उनीहरूलाई जनतामाझ पहुँच विस्तारका लागि यथेष्ट आधारहरू प्रदान गर्दछन् ।

विशेषगरी नेपाली कांग्रेसका सदस्यहरूले वरिष्ठ नेताहरूबाट निर्देशन र सहायताको अभावका कारण निराशा व्यक्त गरेका छन् । मध्यपश्चिमको एक पहाडी जिल्लाका एकजना जिल्ला समिति सदस्यले गुनासो गरे, “खासगरी दुर्गम क्षेत्रका नेपाली कांग्रेसका धेरै नेताहरू दलको सहायताको अभावमा हतोत्साहित भएका छन् ।” अर्को पहाडी जिल्लाका नेपाली कांग्रेसका एक नेताले केन्द्रीय तहले स्थानीय मुद्दामा विरलै ध्यान दिने र जिल्ला भ्रमण त लगभग गर्दै नगर्ने बताए । जिल्लाका तरुण दलका अध्यक्षले भने, “यो नेपाली कांग्रेसको अहम्ले गर्दा हो - यो सबैभन्दा पुरानो दल हो त्यसैले उनीहरू आफ्नो पहुँच बिस्तार गर्नुपर्ने महसुस नै गर्दैनन् । दलले यसको ठूलो मूल्य चुकाइरहेको छ ।” पश्चिमाञ्चलको तराईका एक जिल्लाका नेपाली कांग्रेसका गाविस प्रतिनिधिहरूले जिल्ला तहबाट प्रोत्साहन र सहयोगको अभाव भएको गुनासो गरे र जिल्लातहबाट हुने गाविसको भ्रमण तथा बैठकहरूले स्थानीय समर्थकहरूको उत्साह थपिने बताए । संविधानसभा निर्वाचन अवधिमा पनि कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई उस्तै खाले निराशाजनक अभिव्यक्तिहरू आएका थिए । यसविपरित, सन् २०११ को अप्रिल र मे महिनामा देशभरिका नगरपालिकाहरूमा भएका भेला र जुन २०११ मा काठमाडौंमा भएको जिल्ला सभापतिहरूको बैठकले नेपाली कांग्रेसले आफ्ना स्थानीयतहका कार्यकर्ता तथा जनतासँगको सान्निध्य/सहभागिता बढाउँदै लगेको उत्साहबर्द्धक संकेत दिन्छन् ।

४. **एनेकपा(माओवादी) का कार्यकर्ताहरू आफ्नो पकड भएकासहित अन्य क्षेत्रहरूमा “द्वन्द्वकालीन मानसिकता” बाट बिस्तारै टाढिँदै गएको देशभरि वार्ता गरिएका धेरै व्यक्ति बताउँछन् । तथापि, देशभरी माओवादीका हिंसा तथा धम्कीका गम्भीर घटनाहरूका साथसाथ द्वन्द्वको “मनोवैज्ञानिक त्रास” को निरन्तरता छ ।**

पर्यवेक्षण गरिएकामध्ये अधिकांश जिल्लाहरूमा गएको तीन वर्षमा माओवादीहरूको व्यवहारमा सुधार आएको बताइएको भए पनि केही क्षेत्रमा माओवादीका हिंसा, धम्की तथा जबरजस्तीबारे चिन्ताहरू विद्यमान छन् । रुकुम जिल्लाका एक जना गैरमाओवादी दलका प्रतिनिधिले भनेजस्तै, “माओवादीहरूमा युद्धको अहम् उल्लेख्य रूपले घटेको छ तर यो पूर्णतः हटेको छैन । यसलाई तपाईंले उनीहरूको हतियारमा नभई भाषामै महसुस गर्न सक्नुहुन्छ । तर अहिले जनता डराउँदैनन् र अधिकांश गाविसमा जनता खुलेर बोल्न सक्छन् ।” नजिकैको जुम्ला जिल्लाका एकजना एमाले प्रतिनिधिले कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई माओवादी कार्यकर्ताहरूले “आफ्नो व्यवहार रूपान्तरित गरे र मान्छेलाई धम्क्याउन छाडे । यसबाहेक, उनीहरूले अन्य दलसँग आफ्नो सम्बन्ध सुधार गर्ने प्रयास थाले” भने । धेरै जिल्लाहरूमा माओवादी व्यवहारमा आएको सुधारको कथनलाई दोहोऱ्याइयो र त्यसको श्रेय माओवादी कार्यकर्ताहरूमा “युद्धकालीन” वा “द्वन्द्वकालीन” मानसिकता हराउँदै जानु र उनीहरू बढी “लोकतान्त्रिक” हुँदै जानु, दलको व्यापक विस्तार तथा “खुला” राजनीतिमा आएको समय बढ्दै गएकोले नागरिकहरूलाई माओवादीको डर घट्दै जानु र जिविस तथा गाविस परिषद्जस्ता स्थानीय तहका सहमतीय राजनीतिमा माओवादीको सहभागितालाई दिन्छन् । अन्य व्यक्तिहरूले माओवादीभित्रका आन्तरिक गुटबन्दीका कारणले आफ्नै दलभित्रको सुमधुरतामा आएको कमी पनि स्थानीय तहमा माओवादी व्यवहार परिवर्तनको लागि थोरै जिम्मेवार भएको उल्लेख गरे भने केहीले माओवादी यतिबेला सरकारमा रहेकाले हालैका महिनाहरूमा उसको व्यवहारमा सुधार आएको पनि आशंका गरे ।

राजनीतिक दलका सदस्य, नागरिक समाज तथा नागरिकहरूले माओवादी कार्यकर्ताहरू आफ्नो “द्वन्द्वकालीन” मानसिकताबाट टाढिँदै गएको बताउँदै गर्दा त्यसलाई पुष्टि गर्नका लागि अन्य दलहरूको समिति गठन गर्ने, कार्यक्रम आयोजना गर्ने, ग्रामीण क्षेत्रमा ढुक्क आवतजावत गर्ने तथा नागरिकहरूमाझ समर्थन जुटाउने क्षमताको पनि जिकिर गरे । उदाहरणका लागि माओवादी प्रभुत्वमा रहेको मानिएका केही हिमाली तथा पहाडी जिल्लाहरूमा राष्ट्रिय जनमोर्चाले कुनै समस्या बिना सार्वजनिक रूपमा संघीयताविरोधी कार्यक्रमहरू आयोजना गर्न सकिरहेको छ ।[२१] मध्यपश्चिमको एक पहाडी जिल्लाका राष्ट्रिय जनमोर्चा प्रतिनिधिले कार्टर सेन्टरका पर्यवेक्षकहरूसँग भने, “अहिले हाम्रो दलले माओवादी नियन्त्रित क्षेत्रहरूमा अभियान चलाउन सक्छ, द्वन्द्वकालमा यस्तो हुँदैनथ्यो ।” मध्य पश्चिमकै अर्को पहाडी जिल्लाका एकजना एमाले प्रतिनिधिले यसै भनाइलाई दोहोऱ्याए र एक दुई वर्षअघिको तुलनामा अहिले उनको दलका कार्यकर्ताहरू कार्यक्रम आयोजना गर्न वा आफ्नो राजनीतिक सम्बद्धताका विषयमा खुलेर बोल्न नडराउने उल्लेख गरे । त्यसैगरी, सन् २००९ मा माओवादी पकड सशक्त भएको र माओवादीइतर दलका प्रतिनिधिहरू बोल्न डराएको स्पष्ट देखिने सुदूरपश्चिमको पहाडी भेगको एक क्षेत्रको अवस्थामा सन् २०११ मा बिस्तारै सुधार आउँदै गरेको पर्यवेक्षकहरूले उल्लेख गरेका छन् । राप्रपाले गाविसमा आफ्नो सानो उपस्थिति देखाएको थियो भने नेपाली कांग्रेस र एमालेसम्बद्ध व्यक्तिहरू निर्धक्क खुलेर बोल्न सक्थे तथापि उक्त क्षेत्रमा राजनीतिक खुलापनको स्थिति भने नाजुक नै थियो । त्यसै जिल्लाको एक प्रस्तावित संरक्षित क्षेत्रको लागि सञ्चालक समितिको वडा निर्वाचनको समयमा नेपाली कांग्रेस र एमालेले उल्लेख्य स्थानमा विजय प्राप्त गरे र मानिसहरूले त्यसलाई “आश्चर्यजनक रूपमा द्वन्द्वमुक्त भएको” भनी उल्लेख गरे ।

माओवादी पकड क्षेत्रहरूमा पनि अन्य दलहरू संगठित हुनका लागि बढ्दो सहजपन महसुस गर्नुको साथै नागरिकहरूले पनि गैरमाओवादी राजनीतिक दलका कार्यक्रममा सहभागी हुन बढी स्वतन्त्र महसुस गरिरहेको बताइन्छ । मध्यपश्चिमको एक हिमाली जिल्लाका एमाले प्रतिनिधिले उनको जिल्लामा हुने दलका सार्वजनिक कार्यक्रमहरूमा बढेको सहभागिताले नागरिकहरूमा पनि माओवादीको त्रास कम हुँदै गएको र उनीहरू माओवादीइतरका दलहरूका लागि आफ्नो समर्थन सार्वजनिक रूपमा देखाउन स्वतन्त्र हुँदै गएको संकेत गरेको सेन्टरका पर्यवेक्षकहरूलाई बताए । मध्य-पश्चिमको अर्को हिमाली जिल्लाका एकजना नेपाली कांग्रेस समर्थकले भने, “माओवादीहरू धम्क्याउँथे, तर

[२१] तथापि, माओवादी कार्यकर्ताहरूले आफ्नो पकडको क्षेत्रमा राजमोबाट कुनै ठूलो खतरा नदेखेकाले राजमोले यी क्षेत्रहरूमा निर्बाध आफ्ना क्रियाकलाप गर्न सकेको हुनसक्ने आशंका केहीले व्यक्त गरेका छन् ।

अब त्यसो गर्दैनन् ।" अझ बढी, सुदूरपश्चिमी पहाडी जिल्लाका एक नागरिकका अनुसार मानिसहरू अब माओवादीलाई "अन्य राजनीतिक दलसरह" हेर्छन् ।

केही जिल्लाहरूमा माओवादी आफैंले उनीहरूको व्यवहारमा आएको परिवर्तनबारे कुरा गरे । एकजना माओवादीले भने, "अवश्य हाम्रो मानसिकतामा परिवर्तन आएको छ, द्वन्द्वपछि सबैकुरा परिवर्तन भएको छ ।" अर्को एक जिल्लाका एकजना माओवादी विद्यार्थी नेताले द्वन्द्वको समयमा अन्य दलहरूले खुला रूपमा बोल्न नपाएको अवस्था स्वीकार्दै यसलाई धेरै जनता निर्धक्क भै अन्य दलमा संलग्न भएको वर्तमान स्थितिसँग दाँजे र माओवादी भनेको धेरैमध्ये एक दल मात्र भएको बताए । अर्का व्यक्तिले भने, "जनता अहिले झन् सशक्त भएका छन्, तपाईं जसलाई सोध्नुस् एउटै जवाफ दिन्छन् ।" सुदूर पश्चिमका दुई हिमाली जिल्लाका जिल्ला समिति सदस्य लगायत माओवादीसम्बद्ध धेरैले अन्य राजनीतिक समूहका क्रियाकलापहरूमा अवरोध नगर्न केन्द्रीय तहबाट नै निर्देशन आएको उल्लेख गरे र यी निर्देशनहरू माधवकुमार नेपाल नेतृत्वको सरकारको राजीनामापछि आएको बताए ।[२२]

तथापि केही स्थानहरूमा अन्य दलको राजनीतिक खुलापन संकुचित पार्न लक्षित माओवादी हिंसाका घटनाहरूबारे विश्वसनीय विवरणहरू सुने । उदाहरणका लागि गएको वर्ष एमाले धेरै सक्रिय रहेको मध्यपश्चिमको एक हिमाली जिल्लाको राजनीतिक रूपले प्रतिस्पर्धापूर्ण गाविसहरूमा माओवादी र एमालेबीच पटकपटक झडप भएको बताइयो । एमालेले गर्न लागेको एक भेलामा वाइसिएलको आक्रमण, अर्को गाविसमा एमालेको आन्तरिक कार्यक्रममा आक्रमण र बेग्लै गाविसमा एमालेका एक वरिष्ठ नेताको लागि आयोजित कार्यक्रममा पटकपटक आक्रमण गरिएको सेन्टरका पर्यवेक्षकहरूलाई बताइयो । सुदूरपश्चिमका दुई जिल्लामा माओवादी कार्यकर्ताहरूको आक्रमणको डरले आफ्नो कार्यालयको लागि कसैले घर भाडामा दिन नचाहेकोले कार्यालय खोल्न नसकेको कांग्रेस सदस्यहरूले पर्यवेक्षकहरूलाई बताए । अन्त्यमा, पश्चिमाञ्चल क्षेत्रको एक पहाडी जिल्लामा एमालेले पुरानै सदस्यता नवीकरण गर्न लागेको तर माओवादी समर्थकसँग आकस्मिक मुठभेड हुनसक्ने डरले नयाँ र अपरिचित क्षेत्रमा भने नयाँ सदस्यता वितरण नगरेको बताए । सोही जिल्लामा एक एमाले सदस्यलाई युवा संघको जिल्ला अधिवेशनका लागि समर्थन जुटाउन दुर्गम गाविसहरूतर्फ गइरहेको समयमा माओवादी सदस्यहरूले रोकेर फर्कन भनिएको र उनी फर्केको बताइयो । समग्रमा, यस प्रतिवेदनका लागि कार्टर सेन्टरका पर्यवेक्षकहरूले भ्रमण गरेका जिल्लाहरूमध्ये पूर्वी रुकुम, उत्तरी गोरखा, दार्चुला-बैतडी-बझाङसँग सीमाना जोडिएका निकटवर्ती गाविसहरू तथा पूर्वी कैलाली (विशेषगरी लडाकु शिविरहरूनजिक) लगायतका भौगोलिक क्षेत्रहरू लाई एनेकपा(माओवादी) नियन्त्रित राजनीतिक क्षेत्रको रूपमा औंल्याउँदै गम्भीर चासो व्यक्त गरियो ।[२३]

शान्त तथा सबै दलका गतिविधिहरू आयोजना गर्न पूर्ण स्वतन्त्र भनिएका जिल्लामा पनि माओवादी हिंसा वा धम्की जारी रहेको या जिल्लाका साना भूभागहरू अझै पनि चिन्ताजनक रहेको पुष्टि गर्न एक दुई घटनाहरू उल्लेख गरिए । उदाहरणका लागि धादिङमा कुरा गरिएका सबैले अवस्थामा सुधार आएको र दलहरूका अधिकांश सदस्यले आन्तिरिक गतिविधिमा कुनै पनि हस्तक्षेप नभएको बताए । तथापि उनीहरूले अक्टोबर २०१० मा जिल्लाको उत्तरी क्षेत्रमा माओवादी कार्यकर्ताद्वारा एकजना एमाले सदस्य मारिएको आरोपबारे पनि बताए । चितवनका एक प्रशासकीय अधिकारीका साथै अन्य व्यक्तिहरूले सबै दलहरू पूर्णतः स्वतन्त्र रहेको बताएको केही क्षणमै माओवादी कार्यकर्ताहरूले राप्रपाका केन्द्रीय नेता विक्रम पाण्डेको नेतृत्वमा भैरहेको सार्वजनिक कार्यक्रममा आक्रमण गरेको घटनाको चर्चा चारैतिर सुनियो । त्यस घटनालाई केहीले माओवादीहरू आफूलाई गम्भीर चुनौती दिन सक्ने राजनीतिक शक्तिविरुद्ध अझै पनि उत्रन सक्ने संकेतका रूपमा व्याख्या गरे ।[२४]

केही निश्चित जिल्लामा माओवादी कार्यकर्ताहरूको दल त्याग्ने सामर्थ्यलाई पनि नियन्त्रित गरिएको हुनसक्ने संकेत देखिएको छ । मुगु, रुकुम, दार्चुला, संखुवासभा र तनहुँमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले दलको संलग्नता परिवर्तनसम्बन्धी मामिलाहरूबारे जानकारी प्राप्त गरे । उदाहरणका लागि, संखुवासभामा माओवादीका एक पूर्व सदस्यले नेपाली कांग्रेसमा प्रवेश गर्नका लागि माओवादी छाडे तर उनलाई धम्क्याइयो, कुटपिट गरियो र अन्ततः माओवादीहरूले उनीसँग धेरै रकम मागेपछि जिल्ला छाड्न बाध्य गराइयो । स्थानीय गाउँलेहरूलाई पनि उनलाई सहयोग नगर्न वा भविष्यमा विपक्षी दलमा प्रवेश नगर्न चेतावनी दिइयो । माओवादीहरूले यो कार्यलाई स्वीकारे र उक्त व्यक्तिले नेपाली कांग्रेसको जासुसको रूपमा काम गरिरहेको दावी गरे । तथापि, यो बुझ्नु पर्दछ कि राजनीतिक सम्बद्धता परिवर्तनसम्बन्धी समस्याहरू माओवादीमा मात्रै सीमित छैनन्, पर्यवेक्षकहरूले गैरमाओवादी दलका सदस्यहरूबीच पनि सम्बद्धता परिवर्तनको विषयलाई लिएर तनावका छिटपुट घटनाको जानकारी पाए । उदाहरणका लागि, सुनसरीमा नेपाली कांग्रेसले एमालेका कार्यकर्ताहरूलाई आफ्नो दलमा "तान्न" गरेको प्रयासको कारण नेपाली कांग्रेस समर्थक तथा एमाले कार्यकर्ताबीच झडप भएको एमालेले बतायो ।

अन्त्यमा, वार्ता गरिएका केही व्यक्तिहरूले देशभरी रहेका शिविरहरूमा माओवादी लडाकुहरूको निरन्तर उपस्थितिले माओवादीइतर दलका कार्यकर्ता तथा नागरिकहरूमा "मनोवैज्ञानिक त्रास" झन् बढाएको भन्नेमा जोड दिएका छन् । ती शिविरहरूले माओवादीहरूसँग अझै

---

[२२] तथापि रामेछापमा एक गैरमाओवादी दलका सदस्यले यो तर्कका आधारमा माओवादीको व्यवहारमा आएको परिवर्तनलाई विश्वास गर्न नसकिने बताए किनकि "उनीहरूको व्यवहार माओवादी केन्द्रीय समितिको निर्देशनमा भर पर्छ" र यदि निर्देश गरिएमा उनीहरू हिंसातर्फ फर्कन सक्छन् ।

[२३] यो सूचि कार्टर सेन्टरका पर्यवेक्षकहरूले यस प्रतिवेदनका लागि भ्रमण गरेका २५ जिल्लामा आधारित रहेको सूचकको अर्थमा लिइएको छ । यसलाई राजनीतिक खुलापनको स्थिति गम्भीर रहेका देशभरिका सम्बन्धित क्षेत्रहरूको विस्तृत सूची मानिनु हुँदैन ।

[२४] "14 injured in Maoist-RPP scuffle," *Republica,* अप्रिल २७, २०११।

पनि द्वन्द्वमा फर्किने वा आफ्नो लक्ष्य प्राप्त गर्न हिंसापूर्ण तथा आक्रामक रणनीति चाल्ने क्षमता रहेको भौतिक स्मरण गराउँछन् । शिविरभन्दा धेरै टाढाका जिल्लामा बस्ने केही व्यक्तिहरूले समेत शिविरको उपस्थितिले खासगरी बढी दुर्गम क्षेत्रको राजनीतिक खुलापनलाई मनोवैज्ञानिक असर पारेको र माओवादी लडाकुहरूको समायोजन तथा पुनर्स्थापना नहुन्जेलसम्म त्यस्तो भइरहने बताए । ( कृपया खण्ड ऊ हेर्नुहोस्, "आगामी निर्वाचनहरूबाट अपेक्षा")

**५. कार्टर सेन्टरले माओवादीको सशक्त पकड भएका ठाउँहरूमा गैरमाओवादी दलहरूले राजनीतिक खुलापनको वृद्धिको उपयोग गरिरहेको केही दृष्टान्तहरू प्राप्त गरेको छ । तथापि कतिपय अवस्थामा विभिन्न कारणले दलहरूले त्यसो गरेको देखिँदैन ।**

सन् २००८ को संविधानसभा निर्वाचनपछि माओवादीको सशक्त पकड रहेका स्थानहरूमा राजनीतिक खुलापनको अवस्था सुदृढ भएकाले एमाले, नेपाली कांग्रेस, राप्रपा, राष्ट्रिय जनमोर्चा तथा राप्रपा-नेपाललगायतका गैरमाओवादी दलहरूले पहिले केही गर्न नसक्ने ठाउँहरूमा कार्यालय खोल्न र कार्यक्रमहरू गर्न सकिरहेका छन् र द्वन्द्वको समयमा माओवादीतिर गएको समर्थन आफूतिर फर्काउने प्रयास गरिरहेका छन् । बझाङमा एमालेले सबै गाविसमा समिति गठन गरिसकेको र सन् २०१० को उत्तरार्द्धदेखि थालेको दल प्रवेश अभियानअन्तर्गत सयौं नयाँ सदस्य बनाइसकेको बतायो । दार्चुलामा राप्रपा-नेपाल बेरोकटोक गाविसस्तरीय कार्यक्रमहरू आयोजना गर्न सक्षम भयो । अन्त्यमा, गोरखामा द्वन्द्वको समयमा कमजोर भएका कैयौं गाविसहरूमा नेपाली कांग्रेसका सदस्यहरूले आफ्ना कार्यालय पुनर्स्थापना गरेका छन् ।[२५]

त्यसै समयमा, धेरै स्थानमा भर्खरै खुला भएको राजनीतिक स्थानको शान्तिपूर्ण उपयोग गर्न दलहरू सक्षम भएपनि केही जिल्लाहरूमा राजनीतिक खुलापन नभएकाभन्दा भएका स्थानमा बढी झडपहरू भएको पर्यवेक्षकहरूले पाए । उदाहरणस्वरूप, रुकुम, चितवन र मुगुमा गैरमाओवादी दलहरूले माओवादीप्रतिको समर्थनलाई नै कमजोर हुने गरी यथेष्ट समर्थन प्राप्त गर्ने हैसियत देखिएपछि माओवादी तथा अन्य दलहरूबीच घटनाहरू भए । अर्ध खुला अथवा परिवर्तित राजनीतिक खुलापनसँगै कार्यकर्ताहरूमा आफ्नो दलले संरक्षण दिनसक्ने विश्वास पनि बढ्दै गएपछि यी स्थानहरूमा झडप हुने सम्भावना बढेको छ जबकि एउटा मात्र दलको प्रभुत्व भएका स्थानहरूमा त्यस्तो नहुन सक्छ । शान्तिपूर्ण जस्तो देखिने वातावरण आफैंमा खुला राजनीतिक स्थानको पर्याप्त सूचक नहुन पनि सक्छ । बरू यसले ठीक विपरित अर्थ हुने गरी एउटा दल अत्यन्त प्रभुत्वशाली भएका कारण अरूले चुनौती दिने साहस गर्दैनन् । त्यसैकारण झडप वा अन्य घटनाहरू हुँदैनन् भन्ने प्रष्ट पार्दछ ।[२६]

कार्टर सेन्टरका पर्यवेक्षकहरूले राजनीतिक खुलापनमा "सुधार भएको" वा "खुला भएको" बताइएका जिल्लाहरूमा पनि नेपाली कांग्रेस, एमाले तथा अन्य दलहरूले उक्त खुलापनको उपयोग नगरेको पनि पटक पटक पाए जसलाई केही व्यक्तिहरूले यी दलहरू "अल्छी" भएको वा पहुँच विस्तार गर्न नचाहेको हुनाले उनीहरूले "माओवादीको त्रास" को बहाना मात्र बनाएको तर्क गरे । जिल्ला तथा गाविस तहमा गैरमाओवादी राजनीतिक दलहरूको आनुपातिक न्यून गतिविधिका कारणहरू जटिल छन् र ठाउँ अनुसार उल्लेख्य रूपमा भिन्न पनि छन् । माओवादी व्यवहार तथा माओवादी कार्यकर्ताहरूको त्रास कारकहरू भए पनि समग्रमा दलका गतिविधिहरूको न्यूनताका लागि यसअघि खण्ड उ. ३ मा विश्लेषण गरिएजस्तै केन्द्र तहबाट निर्देशन र सहायताको अभाव, क्षेत्रमा कार्यकर्ताको अभाव, साधनस्रोतलाई अन्तै केन्द्रित गर्ने रणनीति तथा राष्ट्रिय तहको राजनीतिक गतिरोधका कारण गाविसहरूमा जाने वातावरण नबन्नुजस्ता कारणहरू नै बढी जिम्मेवार देखिन्छ । उदाहरणका लागि प्युठान जिल्लाका अधिकांश दलहरूले निष्क्रियताको मुख्य कारण माओवादी दवाव नभै राष्ट्रिय राजनीतिक गतिरोधले गर्दा जिल्ला र गाविसमा सार्वजनिक क्रियाकलाप गर्ने कुनै निर्देशन नै नभएको बताए ।

द्वन्द्वकालअघि एमालेसँग आबद्ध रहेका मध्यपश्चिमको एक दुर्गम तथा माओवादीको सशक्त वर्चस्व रहेको गाविसका माओवादी कार्यकर्ताले आफ्नो क्षेत्रमा गैरमाओवादीहरूको अनुपस्थितिका केही कारणहरू बताए । पहिलो, उनको गाविसका थुप्रै गैरमाओवादी कार्यकर्ताहरू मारिए, विस्थापित गरिए वा द्वन्द्वको दौरान माओवादीमा लागे । त्यसकारण गाविसमा नेपाली कांग्रेस र एमालेका समितिहरू पुनर्गठन गर्नका लागि सक्रिय कार्यकर्ता छैनन् । दोस्रो, द्वन्द्वको अवधिमा आफ्नै इच्छा वा बाध्यतावश माओवादीमा प्रवेश गर्ने कार्यकर्ताहरूले अहिले दलभित्र ठूलो हैसियत प्राप्त गरेका छन् र उनीहरू यो हैसियत त्यागेर नेपाली कांग्रेस वा एमालेमा फर्कन इच्छुक छैनन् । तेस्रो, गाविसमा मान्छेहरू अझै पनि माओवादीसँग डराउँछन् र बेग्लै दलका लागि सार्वजनिक समर्थन देखाउन चाहँदैनन् । चौथो, माओवादीहरूले गाविसमा विकास गरेका र जनताको समर्थन प्राप्त गर्नुका साथै दलका केही वरिष्ठ नेताहरूले गाविसको भ्रमण गरेका छन् । त्यसैले नेपाली कांग्रेस र एमालेको आश्वासनका भरमा मात्र गाविसको विकास गर्नका लागि उत्तिकै सक्षम भएको विश्वास जनतालाई दिलाउन कठिन हुन्छ । त्यसैले, एमालेले जिल्लाका अन्य ठाउँहरूमा पुनर्गठन गरेको दृष्टान्त भए पनि उनको आफ्नै गाविसमा भने गरेको छैन । एमालेले पनि यस क्षेत्रमा प्रयास केन्द्रित गर्न विद्यमान अपर्याप्त साधनस्रोतको उपयोग गर्नु सही नहुने भएकाले राजनीतिक रूपमा बढी प्रतिस्पर्धापूर्ण भएका ठाउँहरूमा आफ्नो ध्यान केन्द्रित गरेको देखिन्छ ।

---

[२५] गोरखाका अधिकांश मामिलाहरूमा माओवादीहरूको अवरोधबिना नै सफलतापूर्ण सम्पन्न भएको बताइयो । तथापि जिल्लाका केही भुभागको अवस्था तनावपूर्ण रहेको देखिन्छ र नेपाली कांग्रेसले हालै आफ्ना सदस्यहरूलाई एनेकपा(माओवादी) कार्यकर्ताहरूले कुटपिट गरेको गुनासो गरेको छ । "NC calls to shun Maoist meetings: accuses UCPN-M cadres of beating up activists,"*The Himalayan Times,* जुन २०, २०११ ।

[२६] यो प्रवृत्तिलाई अन्य विश्लेषकहरूले समेत उल्लेख गरेका छन् । उदाहरणको लागि कृपया आदित्य अधिकारीको "The oligarchic republic," *The Kathmandu Post,* जुन २१, २०११ हेर्नुहोस् ।

६. **सेन्टरले नेपाली कांग्रेस तथा एमालेले अन्य दलका कार्यक्रमहरू बिथोलेका थोरै मात्र दृष्टान्त पाएको छ । तथापि, गैरमाओवादी दलका लागि निर्वाचनपछिको अवधिमा राजनीतिमा "बाहुबल" को प्रयोग अन्य दलका कार्यक्रम तथा गतिविधिलाई अवरोध गर्नभन्दा पनि स्थानीय विकास स्रोतमाथि नियन्त्रण र दलका सदस्यहरूको सुरक्षाका लागि भएको छ ।**

अवरोध, धम्की तथा जबरजस्तीका अधिकांश आरोपहरूका लागि एनेकपा(माओवादी) कार्यकर्ताहरू जिम्मेवार भनिए पनि सेन्टरका पर्यवेक्षकहरूले नेपाली कांग्रेस र नेकपा एमालेबाट पनि त्यही शैलीका केही दृष्टान्तहरू पाएका छन् । उदाहरणका लागि मुगुमा नेपाल मजदुर किसान पार्टीद्वारा आयोजना गरिएको एक कार्यक्रमका दौरान वक्ताले "ठूला तीन" दल र खासगरी नेपाली कांग्रेसका एक मन्त्रीलाई इंगित गर्दै सार्वजनिक निन्दा गरेपछि नेपाली कांग्रेसले माइक्रोफोन फुटाइदिएको जानकारी छ । सोही जिल्लामा आफ्नो प्रभुत्व भएको गाविसमा कार्यक्रम आयोजना गरेको निहुँमा नेकपा एमालेले नेपाली कांग्रेसका कार्यकर्ताहरूमाथि गम्भीर घाइते हुने गरी आक्रमण गर्‍यो । जे होस्, समग्रमा गैरमाओवादी दलहरूबाट राजनीतिक खसलापन नियन्त्रणका लागि गरिएका आक्रामक प्रयासहरू अन्य दलका कार्यक्रम तथा संगठनहरूलाई अवरोध पुर्‍याउनभन्दा पनि स्थानीय विकास अंग तथा ठेक्काहरूलाई नियन्त्रणमा लिन बढी केन्द्रित छन् । दलहरू आफ्ना कार्यक्रमको सुरक्षा वा घटनाहरूको बदला लिन पनि "बाहुबल"को प्रयोग गर्छन् जो हिंसात्मक झडपमा परिणत हुनसक्छ ।[२७]

यसले संविधानसभा निर्वाचन अवधिमा देखिएजस्तै प्रवृत्ति नै पछ्याउँछ । त्यो समयमा अधिकांश घटनाहरूका लागि माओवादीहरू जिम्मेवार भए पनि आफ्नो सशक्त पकडको रक्षा गर्न डर तथा धम्कीको नीति प्रयोग गर्ने माओवादी मात्र थिएनन् । उदाहरणका लागि, बाग्लुङको एक निर्वाचन क्षेत्रमा राष्ट्रिय जनमोर्चाले अन्य दललाई प्रचारप्रसार गर्नबाट रोक्यो र डोटीमा नेकपा-एमाले र माओवादीका जिल्ला समिति सदस्यहरूले नेपाली कांग्रेसका उम्मेदवारको एक गाविसमा खुला रूपले प्रचारप्रसार गर्न नपाएको गुनासो गरे ।[२८]

७. **तराईको अधिकांश क्षेत्रको राजनीतिक खुलापन सामान्यतयाः सुधिएको बताइयो । कुनै पनि दल वा समूहको राजनीतिक खुलापनलाई दबाउने सामर्थ्य वा आशय नहुनु यसको मुख्य कारण देखियो ।**

सेन्टरका पर्यवेक्षकहरूलाई कपिलवस्तु, रूपन्देही, रौतहट, पर्सा, बारा तथा सप्तरीजस्ता तराईमा भ्रमण गरिएका जिल्लाहरूमा राजनीतिक स्थान खुला रहेको बताइयो । रौतहटमा अन्तर्वार्ता गरिएका व्यक्तिहरूले राजनीतिक खुलापन दबाइन पनि सक्छ भन्ने सोचाइप्रति आश्चर्य मान्दै भने, "हामी निःसन्देह स्वतन्त्र छौं ।" विभिन्न दलका जिल्ला तथा गाउँतहका व्यक्तिहरूले यस दावीको समर्थन गरे र यस्ता खुलापनका दावीहरू विश्वसनीय पनि लाग्छन् । तथापि, विशेषगरी गाविस तहमा सार्वजनिक राजनीतिक गतिविधिको न्यूनताका कारण यी दावीहरूलाई पुष्टि गर्न गाह्रो छ ।

त्यसैगरी, अधिकांश तराई जिल्लाहरूमा दलको उपस्थितिमा स्पष्ट भौगोलिक विभाजन देखियो । जिल्लाका पहाडी जनसंख्याको बाहुल्यता रहेका उत्तरी भेगहरूमा मधेसी दलहरूको उपस्थिति न्यून देखियो भने मधेसी बाहुल्यताका दक्षिणी क्षेत्रहरूमा नेपाली कांग्रेस, एमाले तथा एनेकपा(माओवादी) तुलनात्मक रूपमा कमजोर थिए । सामान्यतः पूर्व-पश्चिम राजमार्गको उत्तरतर्फ मधेसी दलहरूको अनुपस्थितिलाई ती दलहरूले राजनीतिक खुलापनको समस्या भन्दा पनि पहाडी बाहुल्यताका क्षेत्रबाट धेरै सहयोग पाउने सम्भावना नभएकाले त्यस्ता क्षेत्रहरूमा संगठन बनाउन आफ्नो स्रोत खर्चनु उपयुक्त नहुने रणनीतिक हिसाब गरेको व्याख्या गर्न सकिन्छ । कपिलवस्तु र रूपन्देही जिल्लामा मात्र यस्तो विभाजनको असर राजनीतिक दलका गतिविधिमा परेको बताइयो । नेकपा एमालेले कपिलवस्तुका दक्षिणी गाविसहरूमा कार्यक्रम गर्दा कार्यकर्ताहरूलाई ती क्षेत्रमा बास बस्नु नपर्नेगरी योजना बनाउने गरेको उल्लेख गर्‍यो । यसअलावा, एकजना माओवादी प्रतिनिधिले आफ्नो दलले दक्षिणी गाविसहरूमा स्वतन्त्रतापूर्वक कार्यक्रमहरू गर्न पाउने भएता पनि कार्यक्रमस्थलबाट बाहिरिएपछि सहभागीहरूलाई 'गाली वा धम्की' आउन सक्ने उल्लेख गरे । रूपन्देहीका एक माओवादी नेताले केही दक्षिणी गाविसहरूमा कार्यकर्ताहरू एक्लै हिँड्दैनन् भन्दै स्पष्ट पारे, "केही व्यक्तिहरूको दिमागमा माओवादी-विरोधी भावना छ जसले एनेकपा(माओवादी) को नामै पनि सुन्न चाहँदैनन" ।

८. **विशेषगरी मध्य र पूर्वी तराईमा सशस्त्र समूहको हिंसाले राजनीतिक खुलापनलाई केही मात्रामा प्रभाव पारी नै रहेको छ । यसअतिरिक्त, एनेकपा(माओवादी) का कार्यकर्ता तथा नेताहरूलाई सर्वाधिक रूपमा लक्षित गरिएको देखिन्छ । यद्यपि, व्यक्तिगत वा अन्य कारणको तुलनामा यी आक्रमणहरू कति मात्रामा राजनीतिक उद्देश्यका साथ भएका छन् भन्ने निक्यौंल गर्न गाह्रो छ ।**

सन् २००७-२००८ को संविधानसभा निर्वाचनको समयमा सशस्त्र समूहको हिंसा र आम असुरक्षाले लगभग सबै राजनीतिक दलका र सबैभन्दा उग्ररूपमा गैरमधेसी राजनीतिक दलका सदस्यहरूको राजनीतिक खुलापनलाई संकुचित पार्‍यो । सरकारी अधिकारीहरू, दलका सदस्य तथा नागरिकहरूविरुद्ध हिंसाका कैयौं घटनाहरूले दलका सदस्य तथा उम्मेदवारहरूमा प्रचारप्रसार गर्न व्यापक असुरक्षा र अनिच्छा जगायो । मधेसी र पहाडीबीचका सामुदायिक तनावले पनि पहाडी उम्मेदवारहरूलाई मधेसी बाहुल्यताका क्षेत्रमा जान र मधेसी उम्मेदवारलाई पहाडी बाहुल्य क्षेत्रमा जानबाट रोक्यो । अधिकांश पहाडीमूलका रहेका प्रहरीहरूलाई खटाउँदा स्थितिमा सुधार नआई झन् बिग्रिन सक्ने अवस्थाले परिस्थिति जटिल भयो ।

---

[२७] कार्टर सेन्टरले यसअघि नै विकासका ठेक्का प्राप्त गर्न तथा दलका कार्यकर्ताको संरक्षण गर्न दलको "बाहुबल" (र खासगरी दलका युवा समूह) को भूमिकाबारे उल्लेख गरिसकेको छ । कृपया हेर्नुहोस्, द कार्टर सेन्टर, "नेपालमा राजनीतिक दलका युवा समूहहरू", फेब्रुअरी २८, २०११ ।

[२८] द कार्टर सेन्टर, "सन् २००८ को नेपालको संविधानसमा निर्वाचनको पर्यवेक्षण", नोभेम्बर २००८, पृ. २९

सन् २००८ पछि सशस्त्र समूहको गतिविधिमा आएको कमी नै केही जिल्ला र विशेषगरी मध्य तथा पूर्वी तराईको राजनीतिक खुलापनमा वृद्धि हुनुमा एक महत्वपूर्ण तत्व हो । पर्यवेक्षकहरूले यो अवधिमा सामुदायिक तनाव पनि घटेको उल्लेख गरेका छन् । यद्यपि केही क्षेत्रमा सशस्त्र समूह तथा सार्वजनिक अपराध र असुरक्षाभावले राजनीतिक खुलापनको हदलाई अझै पनि घटाइरहेको प्रतीत हुन्छ । उदाहरणका लागि सुनसरी र झापाका धेरै व्यक्तिहरूले सीमावारपारका सशस्त्र समूहद्वारा हिंसा हुनसक्ने भन्दै राजनीतिक दलहरूले नेपाल-भारत सीमासँगैका गाविसहरूमा सांगठनिक कार्यक्रम गर्न नखोजेको दावी गरे । त्यसैगरी बारामा अन्तर्वार्ता गरिएका व्यक्तिहरूले राजनीतिक खुलापनमा तत्कालै कुनै समस्या नरहेको तर आपराधिक हिंसाको वृद्धि राजनीतिक खुलापनका लागि खतरापूर्ण रहेको बारम्बार व्यक्त गरे । अन्त्यमा, महोत्तरीमा भेलाबाट फर्किरहेका नेकपा एमाले समर्थकहरू चढेको एक बसमा पेट्रोल बम हानियो जसको जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) ले लियो । नेकपा एमालेले बमले आफ्ना कार्यकर्ताहरूको “जोश” लाई असर नपारे पनि नागरिकहरूलाई बढी त्रसित बनाउने बतायो । सोही जिल्लाका नेपाली कांग्रेसका नेताहरूले सशस्त्र समूहहरूको उद्देश्य “त्रासको वातावरण सिर्जना गर्ने” भएको जिकिर गरे ।

सशस्त्र समूहका गतिविधि तथा तराईको समग्र असुरक्षाबाट विशेष रूपमा माओवादी सर्वाधिक प्रभावित राजनीतिक दल देखियो । गएको वर्ष मात्र एनेकपा(माओवादी) का कैयौं सदस्यहरू तराईका सशस्त्र समूहहरूद्वारा खुलेआम मारिए र आक्रमणमा परे । उदाहरणका लागि मे २०११ मा सिराहाका एक माओवादी जिल्ला समिति सदस्य आफ्नै घरनजिकै मोटरसाइकल चढेर आएका बन्दुकधारीद्वारा मारिए । जुन २०१० मा रूपन्देहीमा एक माओवादी कार्यकर्तालाई गोली हानेर मारियो जसमा जनतान्त्रिक तराई मुक्ति मोर्चा-गोइत जिम्मेवार रहेको आरोप छ । माओवादीका अर्का कार्यकर्ता जनवरी २०११ मा रौतहटमा मारिए र फेब्रुअरीमा धनुषामा फेरि अर्का मारिए । त्यसैगरी मे २०१० मा बारामा तराई मुक्ति मोर्चाका सदस्यहरूले तीन माओवादी कार्यकर्ताहरू मारेको कथन छ । यसअलावा माओवादीका कार्यालयहरूमा धेरै पटक आक्रमण भएका छन् । उदाहरणका लागि जनवरी २०११ मा माओवादीको कपिलवस्तुस्थित कार्यालयमा बम आक्रमणको प्रयास गरियो । बम विष्फोट हुन सकेन र कोही पनि गम्भीर घाइते भएनन् । घटनाको जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चाले लिए पनि अन्य केही दलहरूले यसमा सहमति जनाएनन् ।

माओवादीहरूको हत्या र उनीहरूविरुद्ध आक्रमणका उद्देश्यहरू निक्र्योल गर्न असहज छ । तथापि कार्टर सेन्टरसँगको अन्तर्वार्तामा माओवादीहरू ती आक्रमणहरूलाई राजनीतिक उद्देश्यले प्रेरित भन्न चाहँदैनन् र सशस्त्र समूहको गतिविधिले आफ्नो दललाई खुला सञ्चालन गर्न असर पारेको पनि ठान्दैनन् । सप्तरी, कपिलवस्तु, रूपन्देही, बारा र महोत्तरीका माओवादी प्रतिनिधिहरूद्वारा यही धारणा दोहोऱ्याइएको थियो । बारामा एनेकपा(माओवादी)का एक प्रतिनिधिले हालै भएको एक आक्रमणको उद्देश्य अस्पष्ट भएको र त्यो राजनीतिक वा व्यक्तिगत जे पनि हुन सक्ने बताए । रौतहटका एकजना माओवादीले हतियारधारी समूहद्वारा एनेकपा(माओवादी)का एकजना राज्य समिति सदस्य मारिएको बताउँदै माओवादीद्वारा पहिले पीडित भएका व्यक्तिका रुष्ट नातेदारहरूले राजनीतिक प्रतिद्वन्द्वीहरूको सहयोगमा उक्त हतियारधारी समूहलाई निजको हत्या गर्न भाडामा लिइएको आशंका गरे । सिराहाका एक वरिष्ठ माओवादीले हालै भएको एक हत्याको राजनीतिसँग कुनै सरोकार नभएको उल्लेख गरे ।

बारा, कपिलवस्तु, रूपन्देही, रौतहट र सिराहाका नागरिक समाज तथा माओवादीइतर दलका सदस्यहरूले ती हत्याहरू माओवादी कार्यकर्ताहरूले द्वन्द्वकालमा गरेका कार्य विरुद्धका ‘प्रतिशोधात्मक’ कारवाही हुनसक्ने आशंका गरे । ती हत्याहरू माओवादीमा रहँदा दलभित्रकै कुनै व्यक्तिबाट पीडित भै सशस्त्र समूहमा प्रवेश गरेकाहरू वा संकटकालमा माओवादीहरूद्वारा सताइएको ठान्ने मधेसी समुदायका व्यक्तिहरूबाट गरिएको हुन सक्ने रूपन्देहीका व्यक्तिहरूको धारणा थियो । एनेकपा(माओवादी) का केही कार्यकर्ताहरूको तस्करी र स्थानीय विकासका ठेक्कामा संलग्नता हुनुले पनि उनीहरूलाई आपराधिक संगठनहरूसँग विवादमा तानेको हुन सक्छ ।[२९] सशस्त्र समूहले फेब्रुअरी २०११ मा मोरङमा एक एमाले कार्यकर्ताको हत्या गरैजस्तै गैरमाओवादी दलका सदस्यहरूलाई गरेका केही आक्रमणहरूका लागि पनि तिनै तत्वहरू जिम्मेवार हुन सक्छन् ।

९. **साना दलहरू निष्क्रियप्रायः भए पनि उनीहरू संगठन निर्माण, कार्यक्रम सञ्चालन तथा स्थानीय विकास निकायहरूमा सहभागी हुन सामान्यतः स्वतन्त्र छन् । तथापि उनीहरू ठूला दलहरूबाट कहिलेकाहीं सीमान्तीकृत हुन्छन् र कहिलेकाहीं आफ्ना कार्यक्रमहरूमा अवरोधको सामना गर्छन् ।**

अधिकांश साना दलहरू थोरै कार्यक्रम गरिरहेका छन् र उनीहरूले गर्ने कार्यक्रमहरू सामान्यतः केही जिल्लामा मात्र सीमित छन् । साना दलहरूमध्ये देशभरि सबैभन्दा बढी सक्रिय राष्ट्रिय जनमोर्चा र राप्रपा-नेपाल रहेका छन् भने संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् पूर्वी क्षेत्रमा सक्रिय छ । भ्रमण गरिएका केही जिल्ला सदरमुकामहरूमा राष्ट्रिय जनमोर्चाले आमसभा र केही जिल्लामा पम्पलेट बाँडेर संघीयता विरोधी अभियान चलाएको छ । राप्रपा-नेपालले पूर्व-युवराज पारस शाहको कैलाली भ्रमणमा सहयोग, सप्तरीमा सडक विरोध कार्यक्रम आयोजना तथा संखुवासभामा पर्चा वितरणलगायत केही जिल्लामा गाविसस्तरीय सार्वजनिक कार्यक्रमहरू गरेको छ । सामान्यतया यी दलहरूले आफ्ना कार्यहरूमा कुनै हस्तक्षेप व्यहोरेका छैनन् ।

---

[२९] तस्करी तथा स्थानीय विकासका ठेक्कामा वाइसिएल र केही कम मात्रामा एमाले-सम्बद्ध युवा संघहरूको संलग्नताको बारेमा कार्टर सेन्टरले फेब्रुअरी २०११ को राजनीतिक दलका युवा समुहबारेको आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । द कार्टर सेन्टर, “नेपालका राजनीतिक दलका युवा समूहहरू”, पूर्ववत ।

तथापि साना तथा जिल्लामा दह्रो पकड नभएका दलहरूले कहिलेकाहीँ ठूला दलहरूबाट पीडा तथा “अपमान” सहनु परेको बताउँछन् । जस्तै, ठूला दलका प्रतिनिधिहरूले उनीहरूका कार्यकर्ताहरूलाई “केही दिन नसक्ने त्यस्ता महत्वहीन र शक्तिहीन दललाई” किन समर्थन गरेको भन्दै गिज्याउँछन् ।[३०] धेरै जिल्लाका साना दलका सदस्यहरूले सर्वदलीय संयन्त्रहरूमा आफ्ना धारणाहरूलाई गम्भीरताका साथ नलिइने गरेको गुनासो गरेका छन् । ठूला दलका प्रतिनिधिहरूले जिल्ला तथा गाउँ विकास समितिका सर्वदलीय संयन्त्रहरूमा सहभागी हुँदा प्राप्त हुने आर्थिक लाभका लागि नै मान्छेहरू साना दलमा प्रवेश गर्छन् भन्दै साना दलका गुनासोहरूलाई प्रायः वेवास्ता गर्ने गरेका छन् ।

राजनीतिक खुलापनको सबैभन्दा बढी निषेध संघीयताविरोधी तथा राजतन्त्रसमर्थक साना दलहरूले व्यहोरेका छन् । पश्चिमाञ्चल क्षेत्रका एक जना राप्रपा-नेपाल प्रतिनिधिले भने, “राजतन्त्रवादी मुद्दा अघि सार्दा देशको वर्तमान स्थितिमा हामीलाई गुण्डाको रूपमा हेरिन्छ” । मुगुका एक माओवादी प्रतिनिधिले भने, “कुनै पनि दलले संघीयताविरोधी वा राजतन्त्रसमर्थक कार्यक्रम आयोजना गरे भने ठूला तीनमध्ये कुनै पनि दलले अवरोध गर्ने स्पष्ट छ । उनीहरूलाई गाविस नै छिर्न दिइनेछैन... जिल्ला सदरमुकाममा सञ्चालित हुन दिने कुरा त म सोच्न पनि सक्दिनँ ।” संखुवासभामा राप्रपा-नेपालले आफ्ना संभावित समर्थकहरूलाई नेकपा-माओवादी (मातृका यादव) द्वारा “राजावादी र सामन्तवादी” भनिएको र ती दलमा प्रवेश नगर्न तथा कुनै पनि कार्यक्रममा सहभागी नहुन धम्क्याइएको हुनाले जिल्लामा दल बिस्तार गर्ने क्षमतामा असर परेको बतायो ।

सिराहाका विभिन्न मधेसी दलका प्रतिनिधिहरूले संघीयताविरोधी दलहरूलाई अवरोध पुऱ्याइने बताउँदै अवरोधका लागि चाल्ने कदमहरूको विस्तृत रूपमा व्याख्या गरे । एकजनाको शब्दमा, “लोकतन्त्रमा सबैले आफ्ना कार्यक्रमहरू गर्न पाउनुपर्छ तर हामी संघीयताको निम्ति लामो समयदेखि संघर्ष गरिरहेका छौं ।” अन्त्यमा, महोत्तरीमा तराई मधेश लोकतान्त्रिक पार्टी, नेकपा-एमाले तथा एनेकपा(माओवादी) सबैले संघीयताविरोधी कार्यक्रमहरू स्वीकार्न नहुने बताए । तथापि त्यस्ता दलहरूको राजनीतिक खुलापनमाथि प्रतिबन्ध लगाउने मौखिक आशयहरू सुनिए पनि कार्टर सेन्टरले यथार्थमा दलहरूले त्यस्तो कार्य गरिरहेको दृष्टान्त अत्यन्त कम पायो ।[३१] यसबाहेक, धेरै जिल्लाका दल-प्रतिनिधिहरूले “लोकतन्त्र र बहुदलीय प्रणालीमा सबैले आफ्ना क्रियाकलाप सञ्चालन गर्न पाउने” स्पष्ट स्वीकार गरे ।

**१०. थोरै अपवादबाहेक अधिकांश पहिचान केन्द्रित संगठनहरूले राजनीतिक दल तथा अन्य समूहहरूलाई सार्वजनिक गतिविधि गर्न अवरोध गरेका छैनन् र उनीहरूका गतिविधिहरूलाई पनि बाधा छैन ।**

कार्टर सेन्टरका यसअघिका प्रतिवेदनहरूमा उल्लेख भएजस्तै अधिकांश पहिचान केन्द्रित संगठनहरू शान्तिपूर्ण पक्षपोषणमा लागेका छन् जुन अक्सर राजनीतिक नभई सांस्कृतिक प्रकृतिका छन् ।[३२] त्यसैगरी, विगतमा असुरक्षाको लागि सहायक भएका बढी आक्रामक समूहसहितका पहिचानकेन्द्रित संगठनहरूले राजनीतिक दल तथा अन्य समूहहरूको सञ्चालित हुने क्षमतामा असर पार्ने थोरै घटना मात्र छन् ।

पूर्वी नेपालमा संघीय लिम्बुवान राज्य परिषद्ले राष्ट्रिय जनमोर्चाका संघीयताविरोधी कार्यक्रमहरूमा अवरोध गरेका केही घटना भने उल्लेखयोग्य अपवाद हुन् । डिसेम्बर २०१० मा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् र संघीय लोकतान्त्रिक राज्य परिषद्-सञ्जुहाङले झापामा राष्ट्रिय जनमोर्चालाई सार्वजनिक कार्यक्रम गर्नबाट रोके । एकजना संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका प्रतिनिधिले राष्ट्रिय जनमोर्चाका ब्यानर तथा पर्चाहरू जफत गरेको स्वीकार्दै पर्यवेक्षकहरूलाई राष्ट्रिय जनमोर्चाले संघीयताविरुद्ध कार्यक्रम गर्न नहुने बताए किनभने त्यसो गर्नु अन्तरिम संविधानको संघीयताप्रतिको प्रतिबद्धता “विरुद्ध” हुन्छ भन्ने उनको जिकिर थियो । उदयपुरमा जनवरी २०१० मा संघीय लिम्बुवान राज्य परिषद्-सञ्जुहाङका कार्यकर्ताहरूले राष्ट्रिय जनमोर्चाको संघीयताविरोधी बन्दको अवज्ञा गर्ने क्रममा झडपहरू भए । सुनसरीमा संघीय लिम्बुवान राज्य परिषद्-सञ्जुहाङका एक प्रतिनिधिले पर्यवेक्षकहरूसँग भने, “यहाँ सबै राजनीतिक दलहरू स्वतन्त्र छन् । तर यदि उनीहरू संघीयताविरोधी भए भने अवरोध गरिनेछ ।” उनी कार्यक्रमहरूलाई अवरोध गर्ने संकेत गरिरहेका थिए । त्यसैगरी संखुवासभास्थित संघीय लिम्बुवान राज्य परिषद्-संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको भनाईमा संघीयताविरोधी दलहरू कमजोर भए पनि यदि उनीहरूले बिस्तार गर्न खोजे भने मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्ले त्यसको विरोध गर्नेछ । तथापि, संघीय लिम्बुवान राज्य परिषद्को आक्रामक अभिव्यक्तिहरू आएको भएपनि त्यहीअनुरूप घटेका घटनाहरूका संख्या भने  कम छन् ।

स्थापित राजनीतिक दलहरूले पनि पहिचान केन्द्रित संगठनहरूको गतिविधिहरू सञ्चालन गर्ने क्षमतामा बिरलै अवरोध गरेका छन् । तैपनि थोरै उल्लेखयोग्य अपवाद भने प्राप्त भएका छन् । फेब्रुअरी २०१० मा जातीय संघीयताको विरोधमा काठमाडौंमा हुनलागेको आमसभामा जान लागेका क्षेत्री समाजका सदस्यहरू चढेका सवारीसाधनलाई वाइसिएलले गोरखामा रोके ।[३३] कैलालीमा थरुहट स्वायत्त राज्य परिषद्ले आह्वान गरेको बन्दको विरोधमा एनेकपा(माओवादी) सम्बद्ध थरुवान राज्य समितिले सार्वजनिक विज्ञप्ती जारी गऱ्यो ।

[३०] उदाहरणका लागि मधेशी जनाधिकार फोरम-लोकतान्त्रिकले मुगु र अछामलगायतका विभिन्न हिमाली तथा पहाडी जिल्लाहरूमा समिति गठन गरेको भए पनि ती स्थानहरूमा आफ्नो अस्तित्वबारे स्थानीयहरूबाट प्रश्नहरूको सामना गरेको छ ।

[३१] उदाहरणका लागि अप्रिल २०११ मा सप्तरीमा राप्रपा-नेपालले बिना कुनै समस्या संघीयता विरोधी आमसभा गऱ्यो ।

[३२] पहिचान संगठनका गतिविधिहरूबारे थप जानकारीका लागि कार्टर सेन्टरको “नेपालका संघीय र संवैधानिक मुद्दाहरू: स्थानीय तहका अवधारणा”, फेब्रुअरी २२, २०१०, र कार्टर सेन्टरको नोभेम्बर २०१० को “स्थानीय राजनीतिक र शान्ति प्रक्रियाको प्रवृत्तिको अद्यावधिक” हेर्नुहोस् ।

[३३] कार्टर सेन्टर, “स्थानीय राजनीतिक तथा शान्ति प्रक्रियासँग सम्बन्धित प्रवृत्तिको अद्यावधिक”, नोभेम्बर २०१० ।

कैयौं झडपहरूपश्चात् लगभग २०० एनेकपा(माओवादी) कार्यकर्ताहरूले थारु स्वायत्त राज्य परिषद्को कार्यालय घेराउ गरेपछि सशस्त्र प्रहरी बल र नेपाली प्रहरीको हस्तक्षेप भयो । स्थानीय बासिन्दाको भनाइमा माओवादीका केही कार्यकर्ताहरू नजिकैको शिविरबाट आएका थिए ।

११. **अधिकांश क्षेत्रका स्थानीय विकास निकायहरूमा कतै थोरै त कतै बढी राजनीतिक खुलापन छ । दलहरू विकासको मामिलामा सामान्यतः राम्रो सहकार्य भएको बताउँछन् र आफ्ना धारणाहरू व्यक्त गर्न स्वतन्त्र छन् । तथापि दलहरू कहिलेकाहीं स्थानीय अंगहरूमा "प्रभुत्व जमाएको" आरोप एकअर्कामाथि लगाउँछन् र केही जिल्लाका विद्यालय व्यवस्थापन समिति तथा उपभोक्ता समितिहरूको गठनमा झडपहरू भएका छन् ।**

दलका नेताहरूलाई आफ्नो जिल्लाको राजनीतिक खुलापनबारे सोधिँदा उनीहरू बारम्बार स्थानीय विकास निकायहरूमा दलहरूबीचको सम्बन्धलाई उल्लेख गर्छन् । राजनीतिक दलहरूको स्थानीय विकासमा औपचारिक र अनौपचारिक भूमिका हुन्छ र निर्वाचन अथवा अन्य राजनीतिक कार्यक्रमको अभावका कारण यी निकायहरूमा सहभागी हुनु नै दलका जिल्ला र गाविस शाखाहरूको मुख्य काम हुन्छ । त्यसकारण दलहरूको स्थानीय सरकारमा सहभागी हुने सामर्थ्य नै स्थानीय तहमा राजनीतिक खुलापनको मात्रा मापनको उपयोगी सूचक हो ।

अधिकांश जिल्लाहरूमा दल, सरकार तथा नागरिक समाजका व्यक्तिहरूले जिल्ला तथा गाविस परिषद्हरू सहमतिका आधारमा चलेका र ठूलो विवादबाट मुक्तप्रायः नै रहेको बताए । मध्यपश्चिमी पहाडी जिल्लाका एक राप्रपा नेताले समान भनाइ दोहोऱ्याए, "विकास राजनीतिक दलहरूको साझा लक्ष्य हो, त्यसैले हामी सहमति पहिल्याउनका लागि समन्वय गर्छौं ।" दलहरू प्रायःजसो जिल्ला तथा गाविस तहका अंगहरूमा आफ्नो सांगठनिक सामर्थ्य अनुसारको वर्चस्व रहोस् भन्ने मान्यताका साथ काम गर्छन् र उनीहरू पद र प्रभाव पनि त्यही हिसाबले विभाजन गर्छन् । यस खालको मान्यतालाई स्वीकार गर्नु निर्णय-कार्यमा पाखा लगाइएको गुनासो गर्ने साना दलहरूका लागि चित्त बुझ्दो नहुनसक्छ तर यसले गाविस तथा जिविस परिषद्मा हुने विवादमा भने कमी ल्याउने देखिन्छ । व्यबहारमा धेरै व्यक्तिहरूले यस सहकार्यलाई दलका इच्छाअनुरूप "बजेटको विभाजन" को रूपमा विश्लेषण गरे र दलहरू आर्थिक प्राप्ति हुने हुनाले परियोजना तथा पदमा "कस्ले के पाउँछ" भन्नेमा चुपचाप सहमति गर्ने उल्लेख गरे ।[३४]

विद्यालय व्यवस्थापन समिति तथा उपभोक्ता समूहहरूजस्ता अधिकांश वडा तहका अंगहरू बढी विवादित थिए । विद्यालय व्यवस्थापन समितिसँग निश्चित कोटामा पर्ने शिक्षकको नियुक्ति र बरखास्त गर्ने लगायतका धेरै उत्तरदायित्व हुन्छन् । उपभोक्ता समूह (उपभोक्ता समिति पनि भनिने गरेको) खानेपानी तथा सडकजस्ता स्थानीय विकास परियोजनाको व्यवस्थापन तथा कार्यान्वयनका लागि जिम्मेवार हुन्छन् । यी अंगहरूमा "प्रभुत्व" जमाउन खोजेको भनेर दलहरू एकअर्कालाई बारम्बार आरोप लगाउँछन् । विद्यालय व्यवस्थापन समिति तथा उपभोक्ता समूहहरूलाई प्रभावमा पार्न गरिएका दलका प्रयासहरूका धेरै घटनाको कार्टर सेन्टरले अभिलेख राखेको छ ।

कहिलेकाहीँ राजनीतिक दलहरूले आफ्नो दह्रो पकड भएका क्षेत्रका मुख्य पदहरूमा एकाधिकार जमाएकोप्रति अन्य दलहरूले गुनासो गरे पनि पछि प्रायः चुपचाप स्वीकार गरेको नमूना देखियो । अन्य अवस्थाहरूमा प्रतिस्पर्धा हिंसात्मक प्रकृतिको रहेको पाइयो । विशेषगरी विद्यालय व्यवस्थापनद्वारा हुने शिक्षकको नियुक्ति र बरखास्त तथा विद्यालय व्यवस्थापन समितिका मुख्य पदका लागि हुने निर्वाचन नै दलहरूबीचका द्वन्दमा बढी दोहोरिने कारणहरू हुन् । रुकुमका एक पत्रकारले उल्लेख गरेजस्तै विद्यालय व्यवस्थापन समितिका निर्वाचनहरूले कार्यकर्ताहरूबीच झडपलगायत "राजनीतिक दलहरूबीच बारम्बार नराम्रो झगडा" को स्थिति निम्त्याउँछन् ।[३५]

अन्त्यमा, दलहरूबीचको आपसी सम्बन्ध स्थानीय तहमा राजनीतिक स्थानको अवस्था बुझ्नका लागि सहयोगी भए पनि स्थानीय विकासका निकायहरूका सन्दर्भमा भने ती स्पष्ट सूचक होइनन् । उदाहरणका लागि, दलहरूले गाविस परिषद्को लागि सहकार्य गर्न सक्छन् तर त्यसै गाविसको उपभोक्ता समूह वा विद्यालय व्यवस्थापन समितिमा सम्बन्ध असहज हुनसक्छ । त्यसैगरी, दलको शक्ति अनुसारको प्रभुत्व बाँडफाँट गर्ने शैलीले एकदलीय प्रभुत्वको स्वरूप निर्माण गर्न सक्छ र त्यो प्रभुत्वले सामान्य भएको जस्तो छवि सृजना गर्न सक्छ । त्यस किसिमको अवस्थामा अन्य दल र दलसँग असम्बद्ध नागरिकहरूले स्थानीय सरकारमा अर्थपूर्ण सहभागिता दिन सक्छन् भन्ने बारेमा कसैलाई वास्ता नै नहुन सक्छ ।

१२. **प्रहरी र प्रशासनिक अधिकारीहरूको राजनीतिक खुलापन प्रत्याभूत गर्न सक्ने क्षमता राजनीतिक हस्तक्षेप र साधनस्रोतको अभावले सिमित भएको छ ।**

त्रास सिर्जना, डरधम्की तथा हिंसालगायतका राजनीतिक खुलापनका उल्लंघनहरू आपराधिक कार्य हुन् । तथापि कार्टर सेन्टरले यसअघि उल्लेख गरेजस्तै, गम्भीर प्रकृतिका राजनीतिक विवादहरू अधिकांशतः कानूनी प्रक्रियाद्वाराभन्दा संलग्न दलहरूको बीचमा नै प्रत्यक्ष

[३४] यस सम्बन्धमा थप तथा विस्तृत जानकारी स्थानीय विकास अंगहरूमा राजनीतिक दलहरूको भूमिका सम्बन्धमा कार्टर सेन्टरको आगामी आलेखमा उपलब्ध छ ।

[३५] विद्यालय व्यवस्थापन समिति तथा उपभोक्ता समूहहरू गैरराजनीतिक नागरिक अंग हुनु पर्ने भए पनि धेरै क्षेत्रहरूमा ती समूहहरूमाथि राजनीतिक दलहरूको ठूलो प्रभाव वा नियन्त्रण छ । कार्टर सेन्टरले स्थानीय विकासमा दलको प्रतिस्पर्धाका सम्बन्धमा फेब्रुअरी २०११ को दलका युवा समूहसम्बन्धी र डिसेम्बर २०१० को राजनीतिक विवाद समाधानसम्बन्धी प्रतिवेदनमा पनि उल्लेख गरेको छ ।

मिलाइन्छन् भने कहिलेकाहीँ सर्वदलीय बैठकहरूबाट समाधान गरिन्छन् । यद्यपि, कहिलेकाहीं उजुरी गरिए पनि प्रहरी र प्रशासन यस्ता मुद्दाहरूमा कानूनको कार्यान्वयनकर्ताभन्दा मध्यस्थकर्ताको रूपमा काम गर्न रूचाउँछन् र उजूरीहरू प्रायः "बार्गेनिङ्ग चिप" का रूपमा व्यवहार गरिन्छ । यसो हुनुको कारण राजनीतिक दलहरूले प्रहरी अधिकारीमाथि उल्लेख्य दवाव दिन सक्ने सम्भावना, मध्यस्थता रूचाउने संस्कृति र केही मामिलामा प्रहरी स्रोतसाधनको अभाव आदि हुन् ।[३६] तथापि, नेपालको जारी "संक्रमणकालीन" अवधिमा कानूनी शासनको कमजोर कार्यान्वयनको बृहत संरचनागत समस्यासँग पनि यो समस्या स्पष्टरूपमा सम्बन्धित छ ।

प्रहरीको कार्यसञ्चालनमा राजनीतिक हस्तक्षेपबारे प्रहरी स्वयंका साथसाथ दल, नागरिक समाज र सरकारी अधिकारीहरूबाट थुप्रै गुनासोहरू आए ।[३७] उदाहरणका लागि सुदूर पश्चिमका एक वरिष्ठ प्रहरी अधिकारीले राजनीतिकरण भएका विवादहरूमा 'माथिबाट' हस्तक्षेप हुन आउने उल्लेख गरे । राजनीतिक दलका सदस्य पक्राउ परेको अवस्थामा प्रहरीले औपचारिक अभियोग लगाउनुको सट्टा दलहरूलाई गोप्य रूपमा विवाद समाधान गर्न अवसर प्रदान गर्ने गरेको उनले थपे । सोही जिल्लाका एक एमाले सदस्यले आफ्नो दलका सदस्यहरूलाई प्रहरी अभियोग र गिरफ्तारीबाट जोगाउन दलले हस्तक्षेप गर्ने गरेको स्वीकारे । यसबाहेक विशेषगरी पहाडी र हिमाली क्षेत्र तथा अन्य केही जिल्लाका दुर्गम क्षेत्रमा प्रहरी उपस्थितिको अभावका कारण यी क्षेत्रको खुलापनलाई प्रभावकारी रूपमा प्रत्याभूत गर्नबाट प्रहरीलाई रोकेको छ किनभने थोरै संख्याका प्रहरीहरूलाई धेरै गाविसहरूको गस्ती गर्न खटाइएको हुन्छ । उदाहरणका लागि मुगुमा अन्तर्वार्ता गरिएका कसैले पनि प्रहरीसँग राजनीतिक खुलापनलाई सुरक्षित वा प्रत्याभूत गर्ने क्षमता रहेको मानेनन् । धेरैले राजनीतिक झडपहरूको निरन्तरताका लागि यसै अवस्थालाई कारक माने किनभने कार्यकर्ताहरू परिणामको मतलब नगरी झडपमा संलग्न हुन सक्छन् ।

आफ्ना सीमाहरूका वावजुद प्रहरीले समग्र सुरक्षा र राजनीतिक खुलापनका लागि सामान्यतः सकारात्मक योगदान दिइरहेको देखिन्छ । अन्तर्वार्ता गरिएका केही व्यक्तिहरूले प्रहरीको दह्रो उपस्थिति भावी निर्वाचनको निष्पक्षताका लागि एउटा महत्वपूर्ण योगदान हुने मान्यता राखे । उदाहरणका लागि माओवादीको प्रभुत्वमा रहेको र अन्य दलका लागि पूर्णतः खुला नभएको भनिएको रामेछापको एक गाविसमा पर्यवेक्षकहरूको भ्रमणभन्दा एक महिनाअघि प्रहरी कार्यालय स्थापना गरिएको थियो । गाविसका राजनीतिक प्रतिनिधिहरूले प्रहरीको उपस्थितिको फाइदा उनीहरूले देखिसकेको बताए भने नेपाली कांग्रेसले गाविसमा आफ्नो कार्यालय खोल्न सक्नेप्रति आशा व्यक्त गऱ्यो ।

### १३. अन्त्यमा, नेपालका केही क्षेत्रमा *गैरराजनीतिक* स्थान अत्यन्त न्यून छ ।

सन् २००६ मा शान्ति प्रक्रियाको पहल शुरु भएदेखि संक्रमणकालीन राजनीतिक वातावरण, राज्यको कमजोरी तथा निर्वाचित र उत्तरदायी स्थानीय निकायको अभावमा स्थानीय तहमा राजनीतिक दलहरूको भूमिका विस्तार भएको छ । केही मात्रामा राज्यको कमजोरी, निर्वाचित र जनउत्तरदायी स्थानीय निकायको अभाव र संक्रमणकालीन राजनीतिक वातावरणले गर्दा त्यसो भएको हो । अहिले राजनीतिक दलहरू औपचारिक र अनौपचारिक दुवै किसिमले स्थानीय शासनका केही प्रमुख पक्षहरू जस्तै, केही क्षेत्रको नाम भन्नुपर्दा, कानुनी शासन लागू गर्ने (वा नगर्ने), विवादहरू सुल्झाउने र विकासका गतिविधिहरू गर्ने काममा संलग्न भएका छन् । दलहरूको यस्तो संलग्नताको स्तर जिल्ला हेरी फरक फरक खालका छन् । दलीय संलग्नताको मात्रा जिल्ला अनुसार फरक पर्दछ, जस्तै मुगुजस्ता केही जिल्लाहरू भारी मात्रामा राजनीतिकरण भएका छन् र त्यस्ता जिल्लाका सार्वजनिक जीवनका लगभग सबै पक्षहरू राजनीतिक दलहरूसँगको आवद्धताबाट प्रभावित छन् भने अन्य केही जिल्लाहरूमा राजनीतिक दलहरूको प्रभावको क्षेत्र बढी सीमित छ । तैपनि, देशभरिको अवस्था हेर्ने हो भने राजनीतिक दलहरूले कम्तीमा सानो भूमिका नखेलेको क्षेत्र फेला पार्नु झन् झन् गाह्रो हुँदै गएको छ । त्यसैले राजनीतिक दलहरू स्वयंका निम्ति खुला राजनीतिक स्थानको स्तर यस प्रतिवेदनको केन्द्रबिन्दु भएपनि नेपालका दलहरूले चाहिँदोभन्दा बढी हस्तक्षेपकारी भूमिका निर्वाह गरिरहेको र राजनीतिक दलहरूसँग सोझै आवद्ध नभएका व्यक्तिहरूका लागि खुला स्थानको फरक फरक तह भएको तथ्य पनि ध्यान दिन योग्य छ ।

यसका सबभन्दा ज्वलन्त उदाहरणहरू अक्सर स्थानीय शासनसँग जोडिएका मुद्दाहरूमा फेला पार्न सकिन्छ । पूर्वी तराईमा जिल्ला प्रशासन कार्यालयका एकजना अनुगमन अधिकृतले एउटा साझा गुनासो व्यक्त गरे, "कुनै पनि राजनीतिक दलसँग आवद्ध नभएका व्यक्तिहरूको कुराको सुनुवाई नै हुँदैन ।" गाविस र जिल्ला विकास परिषद्मा जानाजान योजनावद्ध किसिमले यसो गरिएको छ । तैपनि, नागरिकहरूको स्वतन्त्र निकायका रूपमा रहून् भन्ने चाहना गरिएका विद्यालय व्यवस्थापन समितिहरू र उपभोक्ता समूहहरू समेत व्यवहारमा भने

[३६] थप जानकारीका लागि हेर्नुहोस्, कार्टर सेन्टर, "नेपालको स्थानीय तहको राजनीतिक विवाद समाधानको संक्षिप्त विवरण", डिसेम्बर ३०, २०१० ।

[३७] युनाइटेड स्टेट्स इन्सिटट्युट अफ पिस (युएसइपी) को सर्वेक्षण तथ्यांकका अनुसार धेरै नागरिकहरूको मान्यतामा प्रहरीको प्रभावकारी कार्यसम्पादनका लागि राजनीतिक हस्तक्षेप मुख्य अवरोधमध्ये एक हो । हालैको एक सर्वेक्षणमा ८६.३ प्रतिशत नागरिकले "कानूनको समान कार्यान्वयनमा राजनीतिक हस्तक्षेप" ले नेपाल प्रहरीको कार्यमा "उल्लेख्य" वा "सामान्य" नकारात्मक असर पारेको मान्यता राखे । सर्वेक्षणले दलका सदस्यहरूबीचमा पनि प्रहरीमाथि राजनीतिक दवावको स्वीकारोक्तिका सम्बन्धमा "विवादास्पद जवाफहरू" पाएको उल्लेख गरेको छ, जसमा आधाभन्दा बढीले राजनीतिक दलहरूले "नेपाल प्रहरीका क्रियाकलापहरू निर्धारण गर्नुपर्ने" विचार राखे भने ३१ प्रतिशतले आफ्नो दलका सदस्य पक्राउ परे भने "विरोध गर्ने" बताए । तथापि लगभग सबैले प्रहरीले राजनीतिक दवावको भरमा शंकास्पदहरूलाई छाड्न नहुने भनाइ राखे । कृपया युएसइपीको "Calling for Security and Justice in Nepal: Citizens' Perspectives on the Rule of Law and the Role of the Nepal Police," हेर्नुहोस्, २०११, पृष्ठ ६९-७६, १०८-११३ ।

राजनीतिक दलहरूद्वारा एकलौटी पारिएका छन् ।[३८] उदाहरणको लागि तनहुँमा अक्सर सामान्य नागरिकहरूलाई उपभोक्ता समूहहरूको नेतृत्वमा आउन दिइँदैन, ती समूहहरूमा नेतृत्वदायी पदहरूलाई दलका सदस्यहरूबीच नै बाँडफाँड गरिन्छ । केही मामिलाहरूमा त नियमावलीको उल्लंघन गर्दै परियोजना संचालन हुने वडाभन्दा बेग्लै वडाका राजनीतिक दलका सदस्यहरूलाई समेत पदहरू वितरण गरिएका थिए । त्यसै गरी कार्टर सेन्टरले पर्यवेक्षण गरेअनुसार, कास्कीमा एउटा विद्यालय व्यवस्थापन समितिमा सदस्यहरूको छनौट प्रक्रियाको निम्ति राजनीतिक दलहरूले नै बैठकको मिति निर्धारण गरेका थिए र त्यस बैठकमा बोलाइएका प्रमुख व्यक्तिहरूमा दलका स्थानीय प्रतिनिधिहरू नै थिए । दलहरूसँग आवद्ध नभएका अभिभावकहरूलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अनुमोदन गर्ने वा त्यस पदको निम्ति प्रतिस्पर्धा गर्ने अवसर नै प्राप्त थिएन । व्यवस्थापन समितिको अध्यक्ष चयनबारेका सबै निर्णयहरू बन्द कोठाभित्र भए (ढोका बाहिर वाइसिएलका सदस्यहरू उभिएका थिए) ।

## ऊ. आगामी निर्वाचनहरूका लागि स्थानीय तहको अपेक्षा

वार्ता गरिएका केही व्यक्तिहरू बितेका तीन वर्षमा राजनीतिक खुलापनमा आएको सुधार दिगो रहनेमा आशावादी थिए र उनीहरूले नागरिकहरूलाई राजनीतिमा संलग्न हुन डरको मात्रा कम भएको औंल्याए । सुदूर पश्चिमको एक पहाडी जिल्लाका नेपाली काङ्ग्रेस र एमाले प्रतिनिधिहरूले आगामी दिनहरूमा हुने निर्वाचनमा विवादहरू आउनसक्ने भएपनि नागरिकहरूलाई धम्क्याउने एनेकपा (माओवादी)को सामर्थ्यमा भने कमी आएको बताए । मध्यपश्चिमको माओवादी पकड दह्रो भएको एक हिमाली जिल्लाका सरकारी, दलीय तथा नागरिक समाजका प्रतिनिधिहरूले संविधानसभा निर्वाचनको अवधिमा एनेकपा (माओवादी) "भर्खरै भूमिगतबाट बाहिर आएको" र मान्छेहरू उनीहरूको उद्देश्यबारे अनिश्चित एवं उनीहरूको दाउपेचबाट त्रसित भएको तर आगामी दिनमा हुने निर्वाचन त्यस्तो द्वन्द्वको छायाँमा नहुने उल्लेख गरे ।

अन्तर्वार्ता गरिएका अन्य व्यक्तिहरूको मान्यतामा राजनीतिक खुलापनमा आएको सुधार शान्ति प्रक्रियाका मुख्य प्रतिबद्धताहरूको समापनसँग जोडिन्छ जसमा जनमुक्ति सेनाको समायोजन र पुनर्स्थापना उल्लेख्य छ । पूर्वी तराईस्थित एकजना राप्रपा-नेपाल प्रतिनिधिले भने, "यदि सरकारले जनमुक्ति सेनालाई समायोजन र पुनर्स्थापना गऱ्यो भने आगामी निर्वाचन स्वतन्त्र र निष्पक्ष हुने बलियो सम्भावना छ ।" मध्य पश्चिमको एक पहाडी जिल्लाका नेपाली कांग्रेस र एमाले नेताहरूले यही भनाइ दोहोऱ्याए । एमाले नेताले समायोजन र पुनर्स्थापना नभई कुनै पनि निर्वाचन हुन नहुने मान्यता राखे भने नेपाली कांग्रेसका प्रतिनिधिले जनमुक्ति सेनाको समायोजन नगरिएमा उनीहरू "शिविरबाट बाहिर निस्कन सक्ने" र सुरक्षा समस्या खडा गर्ने विश्लेषण गरे ।

सन् २००८ पछि राजनीतिक खुलापन प्राप्त भएकोमा व्यापक मतैक्यता भए पनि यी सुधारहरू दिगो हुन्छन् भन्नेमा धेरैजसोलाई सन्देह थियो र यसलाई प्रायजसो समग्र कमजोर सुरक्षा तथा राज्यको कमजोरीसँग जोडिन्थ्यो । पश्चिमाञ्चलको एक हिमाली जिल्लाका नेपाली कांग्रेसका एकजना गाविसस्तरीय सदस्यले "सरकारले निर्वाचनको समयमा जनतालाई सुरक्षा प्रदान गर्नुपर्छ । तर २००८ मा प्रहरीले केही गरेन र हामी भोट खसाल्न जान पाएनौं " भनी प्रष्ट्याए । सुदूर पश्चिमका एकजना नेपाली कांग्रेस सदस्यको उस्तै धारणा थियो र उनले प्रहरीको यथेष्ट उपस्थिति नभई नयाँ मतदाता परिचयपत्र जस्ता प्राविधिक प्रयासले मात्र अनियमितता न्यून गर्न पर्याप्त नहुने बताए । मध्य तराईका एकजना एनेकपा(माओवादी) नेताले मतदानमा प्रमुख जिल्ला अधिकारी र प्रहरीहरूले एउटा दललाई बुथहरू कब्जा गर्न सघाएको दावी गर्दै त्यस्तो षडयन्त्र फेरि पनि हुने खतरा रहेको बताए । मध्यमाञ्चल क्षेत्रको एक जिल्लाका एकजना प्रहरी अधिकारीले सन् १९९१ र २००८ मा जस्तै आगामी निर्वाचनहरूमा पनि बुथ कब्जा गर्ने सामर्थ्य दलहरूसँग अझै रहेको बताए ।

अन्य आशंकाहरूमा निर्वाचन हतियारका रूपमा त्रास र धम्कीको प्रयोगको निरन्तरताको राजनीतिक संस्कारतर्फ औंल्याउँदै दलबाट हुने त्यस्ता प्रयास अझै पनि लाभदायक भएको बताइयो । पूर्वी नेपालका एक लिम्बुवान प्रतिनिधिले भने, "अवरोध नेपाली राजनीतिको परम्परा नै हो... सबै राजनीतिक दल जित्न चाहन्छन् र जित्नका लागि जे पनि गर्दछन् ।" मध्य तराईका एक पत्रकारले नेपाली कांग्रेस र एमालेले सन् २००८ मा एनेकपा(माओवादी) लाई कम आँकेको र भावी निर्वाचनहरूमा उनीहरूले युवा समूह तथा आपराधिक समूहसँगको सम्बन्धसहितका आक्रामक युक्ति लगाउने अनुमान गरे । त्यसै जिल्लाका राष्ट्रिय जनमोर्चाका एक सदस्यको मान्यतामा नेपाली कांग्रेस र एमालेले गएको निर्वाचनमा "पाठ सिकेको" र भावी निर्वाचन अत्यधिक प्रतिस्पर्धात्मक एवं हिंसापूर्ण हुने बताए । सुदूर पश्चिम तराईका एक पत्रकारले उल्लेख गरे, "आजकाल सबैलाई बम बनाउने तरिका थाहा छ ।" तथापि अन्तर्वार्ता गरिएका केही व्यक्तिले भविष्यमा हुने हिंसाको स्वरूप चक्रीय किसिमको हुने आशंका गरे । यसै प्रसंगमा गोरखाका एकजना उपभोक्ता समिति सदस्याले भने, "अर्को निर्वाचनमा केही असहज परिस्थिति आउन सक्छ, तर पछि फेरि ठीकठाक हुन्छ ।"

---

[३८] अनुसन्धानकर्ताहरूले "आफ्ना विस्तृत राजनीतिक स्वार्थहरू पूरा गर्नका लागि स्थानीय संभ्रान्तहरू विद्यालय व्यवस्थापन समितिहरूमा प्रवेश गरिरहेका छन्" भन्ने किसिमको बयान पनि गरेका छन् । हेर्नुहोस्, स्टेफेन कार्नी, मिन बिष्ट र ज्येत्ति एग्रेगार्ड, "'इम्पावरिङ' दि 'लोकल' थ्रु एजुकेशन ? एक्सप्लोरिङ कम्युनिटी म्यानेज्ड स्कुलिङ इन नेपाल," अक्सफोर्ड रिभ्यु अफ एजुकेशन, भोलम ३३, नं. ५(नोभेम्वर २००७), पृ.१३ ।

## ए. निष्कर्ष तथा सुझावहरू

यस प्रतिवेदनले नेपालमा राजनीतिक खुलापनको वर्तमान स्तरलाई अभिलेखबद्ध गर्ने र भविष्यको लागि एउटा आधार-रेखा प्रदान गर्ने प्रयत्न गरेको छ । यसको मुख्य निष्कर्ष के हो भने संविधानसभा निर्वाचनताकादेखि राजनीतिक खुलापनमा सुधार भएको छ, तर नेपालका राजनीतिक दलहरूले ती स्थानहरूको ठूलो मात्रामा परीक्षण नगरेको कारण सबै दलहरूलाई स्वतन्त्र रूपले संगठित हुनको लागि वातावरण कति खुला छ भन्ने कुराको लेखाजोखा गर्न कठिन तुल्याइदिएको छ । दोस्रो महत्वपूर्ण निष्कर्ष के हो भने धेरै जिल्लाहरूमा माओवादी कार्यकर्ताहरूको व्यवहारमा सुधार आएको बताइएको छ र तिनीहरूको 'द्वन्द्वकालीन मानसिकता' घटेको हुनाले अन्य दलहरूका निम्ति राजनीतिक स्थान खुला गरिदिएको छ । तैपनि, यतिबेला माओवादीहरूको व्यवहार गम्भीर चासोको विषय रहेको प्रष्ट देखिने ठाउँहरू देशभरि नै छन् । तेस्रो महत्वपूर्ण निष्कर्ष के हो भने सशस्त्र समूहका गतिविधिहरू जारी नै रहेकाले त्यसको असर केही क्षेत्रमा रहिरहेको भए तापनि राजनीतिक खुलापनका सम्बन्धमा तराईको अवस्था तुलनात्मक रूपमा सुध्रिएको छ ।

यस प्रतिवेदनको प्रारम्भमा उल्लेख गरिएजस्तै, स्थानीय तहको राजनीतिक खुलापनको मुद्दाले माओवादी कति मात्रामा रूपान्तरित भएको छ भन्ने राष्ट्रिय तहको बहससँग गहिरो सम्बन्ध राख्छ । यस्तो रूपान्तरण अन्तरगत आधिकारिक रूपमा नै हिंसाको परित्याग र संवेदनशील भए पनि अहिलेसम्म पूरा नभएको माओवादी लडाकुहरूको समायोजन तथा पुनःस्थापनाको प्रक्रिया पूरा गर्न चालिने आधिकारिक कदमहरू पर्दछन् । यतिमात्र होइन, यस अन्तरगत स्थानीय तहमा माओवादी कार्यकर्ताहरूको गतिविधि र व्यवहारमा रूपान्तरणको एउटा अनौपचारिक प्रक्रिया, अरू दलहरूसँग उनीहरूको सम्बन्ध र राज्यसँग उनीहरूको सम्बन्ध पनि पर्दछन् । यस प्रतिवेदनमा पर्यवेक्षकहरूद्वारा प्राप्त तथ्यहरूले के संकेत गरेका छन् भने औपचारिक कामहरू गर्न बाँकी नै भए पनि स्थानीय तहमा अनौपचारिक प्रक्रियाचाहिँ सुस्त गतिमा अघि बढिरहेको छ । अर्थात्, रूपान्तरण पूरा भएको छैन, तर जारी छ ।

तथापि, यी परिवर्तनहरूको स्थायित्व र भविष्यको सम्भावनाका बारेमा प्रश्नहरू उठ्ने कारणहरू विद्यमान छन् । पहिलो र प्रधान कुरा त निकट भविष्यमा निर्वाचन हुने संभावना थोरै छ । त्यसो भएको हुनाले प्रतिद्वन्दीहरूको खुलापनलाई निषेध गर्न दलहरूलाई प्रेरित गर्ने प्रेरक तत्वहरू अहिलेलाई सीमित छन् । यसले सुरक्षाको बारेमा गलत अनुभूति दिन सक्छ र अहिले खुला देखिएको राजनीतिक स्थान भविष्यमा त्यस्तो नहुन पनि सक्छ । उदाहरणको लागि, मुलकभरका धेरै जिल्लाहरूमा कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई के भनिएको थियो भने व्यापक संख्या, आफ्नो युवा संगठन योङ्ग कम्युनिस्ट लिग (वाइसीएल) र आफ्नो समग्र साङ्गठनिक सुगठनमार्फत माओवादीहरूले आफ्नो शक्ति यथावत् राखेका छन् र उनीहरूले चाहेको अवस्थामा अन्य दलहरूको राजनीतिक स्थान समाप्त पारिदिन सक्छन् । तर त्यसो भन्दैमा राम्रो संगठन र बढी सक्रिय हुनेबित्तिकै त्यस्तो दलले गलत काम गरिहाल्छ भन्न पनि मिल्दैन ।

दोस्रो, नेपालको समग्र राजनीतिक संस्कृतिमा अन्य दलहरूका निम्ति स्थान सीमित गर्ने काम सामान्य कुरा हुने गरेको छ (खास गरी निर्वाचनको अवधिमा)।[३९] यो संस्कृति आंशिक रूपमा भएपनि कायम रहेको छ । हालसालै पर्यवेक्षकहरूलाई बताइएका धेरैजसो घटनामा माओवादीहरू जिम्मेवार भएको भएपनि अर्को निर्वाचन नजिकिँदै जाँदा अन्य दलहरूले समेत आफ्नो बलियो पकड भएका क्षेत्रहरूमा एकपटक त्यस्तै नीति अपनाउने संभावना छँदैछ । यस परिप्रेक्ष्यबाट हेर्दा नेपालमा राजनीतिक खुलापनको विषयलाई स्थानीय तहमा प्रत्येक दलले आफ्ना कार्यकर्ताहरूलाई संरक्षण दिन सक्ने र अरू दललाई 'सामना' गर्न सक्ने क्षमताका रूपमा पनि बुझ्न सकिन्छ । जुन कुरा कुनै जिल्ला वा गाविसमा रहेका कार्यकर्ताहरूको भौतिक संख्या, तिनीहरूलाई परिचालित गर्न सम्बन्धित दलमा रहेको क्षमता र दल वा उम्मेदवारको अस्वस्थ, आक्रामक र हिंस्रक वारदात गर्ने चाहनामा भर पर्छ ।

तेस्रो, स्थानीय तहमा शक्तिशाली भैरहने कुरा सुनिश्चित गर्नका लागि राजनीतिक दलहरूले युवा दस्ता, सशस्त्र समूह वा स्थानीय गुण्डाहरू कै भए पनि 'बाहुबल' को साहारा लिने प्रवृत्ति प्रष्ट देखिने गरी बढिरहेको छ । यसअघि नै कार्टर सेन्टरले प्रतिवेदनमा उल्लेख गरेझैं वाइसिएल र त्यसभन्दा केही कम युथ फोर्सले नकारात्मक क्रियाकलापमा संलग्नता जारी राखेका छन् । तिनको त्यस्तो संलग्नताको ध्येय मूलतः आर्थिक लाभ प्राप्त गर्नु र अरूको राजनीतिक स्थान, भौतिक विकास र जनसुरक्षालाई कमजोर तुल्याउनु हुन्छ ।[४०] युथफोर्सका नेता परशुराम बस्नेको आदेशमा भएको भनिएको पत्रकार खिलानाथ ढकालमाथि गम्भीर कुटपिटको जुन २०११ को घटनाले यस बुँदाका लागि ताजा घटना प्रस्तुत गर्दछ । निर्वाचनको क्रममा यी समूहहरूको ध्यान त्यसबेलाको आवश्यकताअनुसार जस्तोसुकै उपायद्वारा भएपनि आफ्नो मातृदलप्रति समर्थन जुटाउने काममा केन्द्रित हुनसक्छ । कार्टर सेन्टरले राजनीतिक दलका सदस्य तथा आपराधिक समूहका सदस्यबीच सम्बन्धका आरोपहरू बारम्बार सुनेको छ । यी सब व्याप्त दण्डहीनता तथा गलत काम गर्नेहरूलाई राजनीतिक संरक्षण दिने र गलत काम गर्नेलाई विरलै जबाफदेही बनाउने किसिमको वातावरणमा घटित हुन्छन् ।

राजनीतिक खुलापनमा सुधार आएको सकारात्मक तथ्य पाइएको भएपनि माथि उल्लेखित यी नकारात्मक तत्वहरूलाई एकै ठाउँमा राख्दा भविष्यको निम्ति चिन्ताजनक तस्वीर बन्दछ । तथापि, विगत पाँच वर्षदेखिको नेपाली राज्य र शान्तिप्रक्रियाको लचिलो अवस्थालाई ध्यानमा राख्दै तथा यी चासोहरूको सन्तुलन गर्नु जरुरी छ । चुनौतीहरू विद्यमान हुँदाहुँदै पनि उल्लेख्य सफलता हासिल भएको छ । यसको अर्थ नेपालका प्रमुख राजनीतिक दलहरू शान्ति प्रक्रियाको प्रारम्भमा सहमति गरिएको मार्गचित्रमा प्रतिवद्ध छन् भन्ने हुन्छ ।

[३९] वेल्पटन, पूर्ववत्, पृ.६८ र हफ्टन, पूर्ववत् पृ.२५१ ।

[४०] कार्टर सेन्टर, "पोलिटिकल पार्टी युथ विङ्स् इन नेपाल", फेब्रुअरी २८, २०११ ।

एकजना विश्लेषकले भर्खरै लेखेका छन्, "नेपालको राजनीति सुस्त तर एकनाशको गतिमा लगातार आफ्नो लोकतान्त्रिक अभिव्यक्तिहरूमा परिपक्व हुँदैछ।"[४१] बाटोमा गम्भीर अवरोधहरू हुँदाहुँदै पनि नेपालको भविष्यप्रति आशावादी हुने आधारहरू छन्।

छोटो अवधिसम्ममा , यस प्रतिवेदनमा चित्रण गरिएका दुई सर्वाधिक महत्वका चासोहरू (माओवादी व्यवहार र तराईका सशस्त्र समूहका गतिविधिहरू) राजनीतिक खुलापनका प्रमुख निर्णायकका रूपमा रहिरहने सम्भावना छ । तथापि, सबै राजनीतिक दलका युवा संगठनहरूका क्रियाकलाप, राजनितिक कार्यकर्ता र आपराधिक समूहरूबीचको सम्बन्धको आरोप र कानुनी शासन लागू गराउने कार्यमा सबै दलबाट हुने राजनीतिक हस्तक्षेप पनि नजिकबाट हेरिनु पर्ने कुराहरू हुन् । त्यसका साथै, पहिचानकेन्द्रित समूहका गतिविधि र राजनीतिक खुलापनमाथि तिनको प्रभाव तथा तिनीहरूका निम्ति खुला रहेको स्थानको परिमाण आदि पनि महत्वपूर्ण सूचकका रूपमा रहिरहने छन् । राजतन्त्रपक्षीय र संघीयताविरोधी दृष्टिकोणहरू पहिले नै केही संकेतहरू देखिए झैं, मुलकका सबै ठाउँमा व्यक्त गर्न सुरक्षित नहुन सक्छन् तथापि त्यस्ता दृष्टिकोणहरूलाई दबाउने घटनाहरू धेरै कम भएका छन्।

अन्त्यमा, आजका मितिसम्म पर्यवेक्षण गरिएका सुधारहरूलाई एकत्रित पार्नका निम्ति शान्ति प्रक्रियालाई सम्पन्न गर्न आवश्यक औपचारिक कदमहरू चाल्नु आवश्यक छ। माओवादी लडाकुहरूको समायोजन र पुनःर्स्थापनको काम पूरा गरिनुपर्छ र माओवादी दलले बोली तथा व्यवहार दुवैमा अहिंसा, आवतजावतको स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र कानुनी शासनको निष्पक्ष कार्यान्वयनजस्ता लोकतान्त्रिक सिद्धान्तहरूका आधारभूत पक्षमाथिको आफ्नो प्रतिवद्धता लागू गर्नुपर्दछ। त्यसैगरी, गैरमाओवादी दलहरूले पनि उपलब्ध राजनीतिक खुलापनको परीक्षण र उपयोगका निम्ति स्पष्ट कदमहरू चाल्नुपर्छ, कानुनी शासनको निष्पक्ष कार्यान्वयनलाई सघाउनु पर्छ र माओवादीहरूबाट लोकतान्त्रिक सिद्धान्तहरूका सम्बन्धमा माग गरिएको प्रतिबद्धतालाई आफूले पनि कायम राख्नु पर्दछ। अन्त्यमा, मुलुकभरि सुरक्षाको प्रत्याभूति दिलाएर, सबै दलहरूका निम्ति राजनीतिक स्थान कायम गरेर र सबैलाई समान रूपले अघि बढ्ने अवसर सुनिश्चित गर्न दण्डहीनतालाई सम्बोधन गरेर भविष्यमा हुने निर्वाचनको वातावरणलाई स्वतन्त्र तथा स्वच्छ रहने सुनिश्चित गरेर राज्यले अन्तिम जिम्मेवारी वहन गर्नुपर्छ।

सहयोग र सम्मानको भावनासहित तथा भविष्यमा गर्नुपर्ने कार्यका निम्ति छलफलमा उपयोगी बुँदाका रूपमा सघाउने अपेक्षाका साथ निम्न सुझावहरू प्रस्तुत गरिएका छन् :

**माओवादी लडाकुहरूको समायोजन र पुनःस्थापनको काम पूरा गर्नको लागि एकीकृत नेकपा (माओवादी), नेपाल सरकार र शान्ति प्रक्रियामा सम्बद्ध दलहरूले आवश्यक सबै कदमहरू चाल्नुपर्छ र शान्ति प्रक्रियाका बाँकी प्रतिबद्धताहरूको पूर्ण कार्यान्वयन गर्नुपर्छ।** कार्टर सेन्टरका पर्यवेक्षकहरूले बारम्बार के सुनेका छन् भने पूर्ण राजनीतिक खुलापन सुनिश्चित गर्नका लागि माओवादी लडाकुहरूको समायोजन र पुनर्स्थापनको काम सम्पन्न हुनुपर्छ। आगामी निर्वाचनअगावै यस्तो हुने निश्चित गर्नका निम्ति एनेकपा (माओवादी), नेपाल सरकार तथा शान्ति प्रक्रियाका सबै दलहरूले माओवादी लडाकुहरूको समायोजन तथा पुनर्स्थापनको काम सम्पन्न गर्न आवश्यक सबै कदमहरू चाल्नुपर्छ। यसअतिरिक्त, सबै नागरिकहरूका लागि त्रासरहितको खुला वातावरण सुनिश्चित गर्नका लागि जग्गा फिर्ता तथा सुधार र सम्बन्धित आयोगहरूको पुनर्गठनजस्ता शान्ति प्रक्रियाका बाँकी रहेका प्रतिबद्धताहरूको पूर्ण कार्यान्वयन हुनुपर्छ।

**वर्तमानमा सुधार भएको राजनीतिक खुलापनको उचित फाइदा उठाउन सबै दलहरूले विशेषगरी गाविसतहमा आफ्ना प्रयासहरू वृद्धि गर्नुपर्छ।** निर्वाचनहरूको बीचको समयमा राजनीतिक दलका सार्वजनिक क्रियाकलापहरू कम हुनु सामान्य हो। अहिले उपलब्ध रहेको बताइएको राजनीतिक खुलापनको परीक्षण र उपयोग गर्ने अवसरहरूको खोजी गर्न कार्टर सेन्टर सबै दलहरूलाई प्रेरित गर्दछ। उदाहरणका लागि, दलहरूले आफ्ना विद्यमान र सम्भावित नयाँ समर्थकहरू नयाँ मतदाता नामावलीमा परेको निश्चित गर्न मतदाता सूचीकरण अभियानलाई साथ दिन सक्छन्। अवरोधहरू कम भएको वर्तमान समयमा राजनीतिक स्थानको परीक्षण गरियो भने त्यसले राजनीतिक दलहरूलाई देशभरि कमजोर रहेका क्षेत्रहरूमा आफ्नो उपस्थितिलाई पुनर्स्थापित गर्न सघाउनेछ । राजनीतिक स्थानको उपलब्धतासम्बन्धी अप्ठ्याराहरूलाई सम्बोधन गर्न आगामी निर्वाचनको प्रचारप्रसार अवधिभन्दा अहिले बढी सजिलो हुने सम्भावना रहन्छ।

**सबै दलहरू र खासगरी गैरमाओवादी दलहरूले दलका स्थानीय सदस्यहरूका लागि मार्गदर्शन, सम्पर्क र सहायता बढाउनुपर्छ।** खासगरी माओवादीइतरका दलका जिल्ला र गाविस दुवै तहका सदस्यहरूले आफ्ना नेताहरूबाट अझ बढी सहायता र सम्पर्कको अपेक्षा गरेका छन्। यतिबेला दलका जिल्ला र गाविसतहका सदस्यहरूलाई काममा संलग्न गराउँदा त्यसले उनीहरूलाई दलको सञ्जालमा समावेश भैरहन प्रेरित गर्नेछ र भविष्यमा स्थानीय तहमा हुने दलका कार्यक्रममा वृद्धि ल्याउँछ। सार्वजनिक गतिविधिहरू सीमित रहेको समयमा पनि दलका केन्द्रीय तहहरूले स्थानीय तहका कार्यकर्ताहरूसँग नियमित सम्पर्क राखी मुख्य मुद्दाहरूमा दलको स्थितिबारे जानकारी दिन र कार्यकर्ताहरूलाई स्थानीय समुदायहरूसँग सकारात्मक रूपमा घुलमिल गर्न उत्साहित गर्न सक्नेछन्।

**प्रत्यक्ष हिंसा भएका ठाउँहरूलाई केन्द्रित गर्दै एनेकपा(माओवादी) ले राजनीतिक खुलापनका लागि आफ्ना प्रतिबद्धताहरूको पूर्ण पालना गर्नुपर्छ र धम्की तथा अवरोधमा संलग्न सदस्यहरूविरुद्ध कारवाही गर्नेतर्फ ध्यान दिनुपर्छ।** संविधानसभाको निर्वाचनदेखि एनेकपा (माओवादी) को व्यवहार सुधिएको र धेरै स्थानहरूमा अन्य दलहरू संगठित हुन स्वतन्त्र भएकोप्रति व्यापक सहमति भएपनि केही क्षेत्रमा माओवादी धम्की र हिंसाका गम्भीर घटनाहरू बारम्बार भैरहेका छन्। संगठित हुने र आफ्ना गतिविधिहरू गर्ने अधिकार अरू दलहरूलाई छ भन्ने कुरा

---

[४१] ढकाल अमीत, "On Threshold of Great Changes," *Republica,* जुलाई १९, २०११

जिल्ला र गाविस तहका एनेकपा (माओवादी) प्रतिनिधिहरूले कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई सामान्यतया दावीका साथ बताउने गरेका छन र उनीहरूले बोली र व्यवहार दुवैमा यो प्रतिवद्धतालाई कायम राख्नु पर्दछ । यी प्रतिबद्धताहरूको कार्यान्वयन नगर्ने कार्यकर्ताहरूलाई सजाय दिन र उनीहरूलाई उचित कानूनी परिणामको भागी बनाउन माओवादी दल पनि तयार रहनुपर्छ ।

**नेपाल सरकारले राजनीतिक खुलापनमा समस्याग्रस्त पहिचान गरिएका क्षेत्रहरूलाई लक्षित गरी प्रहरीको उपस्थिति बढाउनु पर्छ र जिल्ला तहका अधिकारीहरूको ध्यानाकर्षण गराउनुपर्छ ।** पूर्वी रुकुम, दक्षिणपूर्वी दार्चुला तथा तराईका केही दक्षिणी गाविसहरूजस्ता केही जिल्लाका केही भागहरूमा संगठित हुन र आफ्ना गतिविधिहरू संचालन गर्न दलहरू स्वतन्त्र छैनन् भन्ने विवरणहरू लगातार प्राप्त भएका छन् । यी क्षेत्रहरू देशभरि सीमित संख्यामा छन् र स्थानीय तहमा सुपरिचित छन् । सरकारले यी क्षेत्रहरूमा प्रहरीको उपस्थिति बढाउने कुरामा ध्यान दिनुपर्छ । यस्ता ठाउँहरूमध्ये धेरैजसो दुर्गम छन् र त्यहाँ राज्यको उपस्थिति बलियो छैन । ती ठाउँहरूमा दलका गतिविधिहरूमाथि अवरोध र धम्कीका दृष्टान्त वा त्रासलाई शीघ्र अन्त्य गर्ने कामलाई सरकारले सुनिश्चित गर्नुपर्छ ।

**सबै दलहरूले प्रहरी अनुसन्धान र कानुनी शासन लागू गर्ने काममा हस्तक्षेप बन्द गर्नुपर्छ र राजनीतिक खुलापनलाई चुनौती हुने क्रियाकलापमा संलग्न भएका दल वा भातृ संगठनहरूका कार्यकर्ताविरुद्ध कडा कारवाही गर्नु पर्छ ।** सबै तहमा गरिने राजनीतिक हस्तक्षेपहरूले सजायँबाट जोगिन हिंसा, जबरजस्ती तथा त्रास फैलाउने अपराधीहरूलाई जोगाउनुका साथै राजनीतिक दलहरूको संगठित हुने तथा प्रचारप्रसार गर्ने समग्र स्वतन्त्रतालाई कमजोर पार्दछन् । आफ्ना कार्यकर्ता तथा आफ्नो दलसँगआवद्ध व्यक्तिहरूको पक्ष लिएर हस्तक्षेप गर्ने कुनै पनि दलमा अन्तरनिहित स्वार्थ हुनसक्छ, तर दलीय हस्तक्षेपबाट सुरक्षा संयन्त्र नै कमजोर भयो भने त्यस्तो कमजोर सुरक्षा वातावरणबाट अन्ततः सबैलाई हानी नै हुन्छ । दलहरूले प्रहरीहरूको पदोन्नति, पदस्थापन र सरुवामा हस्तक्षेप गर्नबाट पनि आफूलाई रोक्नु पर्दछ ।

**मुलकका केही जिल्लाहरूमा अभ्यास गरिएजस्तै, स्थानीय तहमा संगठित हुने स्वतन्त्रता निश्चित गर्ने तथा दलका सदस्यहरूको आचरणबारे स्पष्ट मापदण्ड निर्धारण गर्ने आचारसंहिताको अनुशरण गर्ने कुरालाई राजनीतिक दलहरूले ध्यान दिनुपर्दछ ।** कानुनी खाका स्पष्ट भए पनि केही जिल्लाहरूको अनुभवबाट के देखिएको छ भने सबै दलहरूले मान्ने किसिमको एउटा आचारसंहिता लागू गरिएमा त्यसबाट राजनीतिक खुलापन र स्थानीय तहमा अन्तरदलीय सम्बन्धलाई सकारात्मक प्रभाव पर्न सक्छ । धनकुटा जिल्लाले यस प्रवृत्तिको एउटा सकारात्मक उदाहरण प्रस्तुत गर्दछ । अवरोध पुऱ्याउने वा अरू दलका सदस्यहरूलाई धम्की दिने काममा संलग्न कार्यकर्ताहरूलाई आन्तरिक र कानुनी दुवै किसिमको कारवाहीको दायराभित्र ल्याउने विषयलाई आचारसंहिताले पुष्टि गर्नुपर्छ र आचारसंहिता लागू भए नभएको नियमित रूपले अनुगमन गरिनु पर्छ ।

**उपभोक्ता समूह र विद्यालय व्यवस्थापन समितिहरू नीतिअनुरूप गठन गराउन नेपाल सरकारले स्थानीय कर्मचारीहरूलाई सहयोग पुऱ्याउनु पर्दछ र अनियमितताका सबै किसिमका अभियोगहरूको विस्तृत तथा निष्पक्ष अनुसन्धान गर्नु पर्छ ।** गाविस र जिल्लातहका अधिकारीहरूमा स्थानीय निकाय गठन र तिनको कार्यसञ्चानलमा आइपर्ने राजनीतिक दवाबको प्रतिरोध गर्ने क्षमता सीमित छ । यी समूह/समितिहरूका निम्ति निर्देशनहरू लागू गर्न केन्द्रीयतहको दृढ प्रतिबद्धता आवश्यक छ ।